# लेखापरीक्षण प्रतिवेदन

## जानकी गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जानकी गाउँपालिका, कैलाली

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/353

श्रीमान् अध्यक्षज्यू,

जानकी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, कैलाली।

**बिषय- लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/353

श्रीमान अध्यक्षज्यू ,

जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कैलाली।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी लगायतको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आयब्यय तर्फ रु. १ अर्ब ६६ करोड २ लाख ३५ हजारको लेखापरीक्षणबाट रु. १ करोड ३६ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. ५ लाख ११ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु ३ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४६ लाख ९० हजार, नियमित गर्नुपर्ने रु. ८० लाख ७३ हजार र पेश्की बाँकी रु. ८७ हजार गरी रु. १ करोड ३१ लाख ८० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २१ करोड ३० लाख ५६ हजार मध्ये यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु. २२ करोड ६२ लाख ३६ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०५ | ३९ | १,३६,९०,९२७ | ० | १६ | ५,१०,९८७ | ० | १०५ | २३ | १,३१,७९,९४० | ३,३०,४४६ | ८०,७३,३५२ | ४६,८९,५२५ | ० | ० | १,२७,६२,८७७ | ८६,६१८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कैलाली | २१,३०,५५,५६३ | | ० | २१,३०,५५,५६३ | ० | १,३१,७९,९४० | २२,६२,३५,५०३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | १५ | बैठक भत्ता | १,०६,००० |
| २ | २०८१/८२ | १४ | पदाधिकारी भ्रमण भत्ता (विदेश भ्रमण) | ४,०४,९८७ |
| जम्मा | | | | ५,१०,९८७ |

# जानकी गाउँपालिका, कैलाली

# ( ८०७७७५०३३०० )

# जानकी गाउँपालिका , कैलाली

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्देश्य छ ।सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित यो गाउँपालिकामा ९ वडा, १०७.२७ वर्ग किलोमिटर क्षेत्रफल तथा ४९,८६० जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।२३ देखि २०८२।९।२७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन । (गाउँपालिकाले २०८२।९।२७ मा बहिर्गमन बैठक गर्न माघी पर्व परेको जनाई समय नमिलाएको कारण २०८२।१०।२० माा भएको छ ।)

**(च) आर्थिक कारोबारको स्थिति** - गाउँपालिकाको आय व्ययतर्फ रु. १ अर्ब ६६ करोड २ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन् ।

**(ज) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२ मा नेपालसरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकालेमहालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथाप्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको आय र व्ययको एकीकृतवार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| सि.नं. | विवरण | रकम | रकम | सि.नं. | विवरण |
|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ५६७०९१३६.५८ | १ | कुल खर्च |
| | (क) संचित कोष | ४५२१६२१४.१३ | | | (क) चालु खर्च |
| | (ख) धरौटी खाता | ७१९९५३२.७९ | | | (ख) पूँजीगत खर्च |
| | (ग) कर्मचारी कल्याण कोष | २२०७१९९.८ | | २ | वित्तीय व्यवस्था भुक्तानी |
| | (घ) प्रकोप व्यवस्थापन कोष | १७१०१८६.८ | | | (क) ऋण भुक्तानी |
| | (ङ) स्थानीय तह लैङ्गीक हिंसा निवारण कोष | ३०००००. | | | (ख) ब्याज भुक्तानी |
| | (च) स्थानीय तह बाल कोष | ४५५००. | | | (ग) अन्य भुक्तानी |
| | (छ) विविध खर्च खाता | ३०५०३.०६ | | ३ | लगानी |
| २ | राजश्व (आन्तरिक आय) | | १५५६७०२५८.७५ | | क) ऋण लगानी |
| | (क) आन्तरिक स्रोत | १८३०९२०६.५ | | | (ख) शेयर लगानी |
| | (ख) राजश्व बाँडफाँड-संघ | १२२८०७८११.९१ | | | (ग) अन्य लगानी |
| | (ग) राजश्व बाँडफाँड-प्रदेश | १४५५३२४०.३४ | | ४ | अन्तर सरकारी तर्फ खर्च |
| ३ | वित्तीय हस्तान्तरण-संघ | | ३९४४०६४६ | | (क) सामाजिक सुरक्षा तथा संरक्ष कार्यक्रम |
| | (क) समानीकरण अनुदान | १२७३६२८८०. | | | (ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम |
| | (ख) शसर्त अनुदान | २६००३५०००. | | | (ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम |
| | (ग) समपुरक अनुदान | ७००२७६६. | | | (घ) घेरलु तथा साना उद्योग प्रवर्द्ध केन्द्र |
| | (घ) विशेष अनुदान | ० | | | (ङ) आन्तरिक मामिला तथा कानू मन्त्रालय |
| ४ | वित्तीय हस्तान्तरण-प्रदेश | | ३०६२८९०९ | ५ | विविध खर्च |
| | (क) समानीकरण अनुदान | १३०८१०००. | | | (क) प्रादेशिक तथा स्थानीय शास सहयोगकार्यक्रम सुच प्रविधिअधिकृतकोपारिश्रमिक खर्च |
| | (ख) शसर्त अनुदान | ९७३१४२१. | | | (ख) सुदूरपश्चिम प्रदेश अनुसन्धा तथाप्रशिक्षण प्रतिष्ठानकोसाझेदारीमाजनप्रतिनिधीहरूव क्षमता विकास तालिम संचालन खर्च |
| | (ग) समपुरक अनुदान | ५२८६२८२. | | | (ग) महिला अधिकार मञ्च धनगर कैलाली मार्फतबालमैत्र आचारसंहिताछपाईकार्यमा सहयोग |
| | (घ) विशेष अनुदान | २५३०२०६. | | | (घ) हरियाली प्रबर्द्धन कार्यक्रम |
| ५ | बिषयगत निकायबाट प्राप्त रकम | | २३८७४५१९७.१ | | (ङ) जनप्रतिनिधिको म्यादी जीवन बीम दाबीप्राप्त |
| | (क) सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | २१०७९०८७८. | | ६ | प्रकोप व्यवस्थापन कोष |
| | (ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २५१५३८१७. | | ७ | कर्मचारी कल्याण कोष |
| | (ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १४७५०००. | | ८ | स्थानीय तह लैङ्गीक हिंस निवारण कोष |
| | (घ) घेरलु तथा साना उद्योग प्रवर्द्धन | ९२७७५२.१ | | ९ | धरौटी फिर्ता |

| | | | | | |
|---|---|---|---|---|---|
| | केन्द्र | | | | |
| | (ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३९७७५०. | | १० | अनुदान फिर्ता |
| ६ | विविध | | १०११५६९.११ | | (क) संघीय अनुदान फिर्ता |
| | (क) प्रादेशिक तथा स्थानीय शासन सहयोगकार्यक्रम सुचना प्रविधिअधिकृतकोपारिश्रमिक | ४३६४९९.८३ | | | (ख) प्रदेश अनुदान फिर्ता |
| | (ख) सुदूरपश्चिम प्रदेश अनुसन्धान तथाप्रशिक्षण प्रतिष्ठानकोसाझेदारीमाजनप्रतिनिधीहरूको क्षमता विकास तालिम | ३०००००. | | ११ | मौज्दात बाँकी |
| | (ग) महिला अधिकार मञ्च धनगढी कैलाली मार्फतबालमैत्री आचारसंहिताछपाईकार्यमा सहयोग | १५००००. | | | (क) संचित कोष |
| | (घ) हरियाली प्रबर्द्धन कार्यक्रम | ११६२५६. | | | (ख) धरौटी खाता |
| | उपशाखा | | | | |
| | (ङ)जनप्रतिनिधिको म्यादी जीवन बीमा दाबी प्राप्त | ५३८६. | | | (ग) प्रकोप व्यवस्थापन कोष |
| | (च) अन्य विविध | ३४२७.२८ | | | (घ) कर्मचारी कल्याण कोष |
| ७ | प्रकोप व्यवस्थापन कोष | ० | ० | | (ङ) स्थानीय तह लैङ्गीक हिंसा निवार कोष |
| ८ | कर्मचारी कल्याण कोष | २०००००० | २०००००० | | (च) स्थानीय तह बाल कोष |
| ९ | स्थानीय बाल कोष | १०००००. | १०००००. | | (छ) विविध खर्च खाता |
| १० | धरौटी आय | ४९२३४७४.५२ | ४९२३४७४.५२ | | ज) धरौटी खाता |
| | जम्मा | ८८४१८९१९१।०६ | ८८४१८९१९१।०६ | | जम्मा |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ जिन्सी व्यवस्थापन

२.१ **इन्धन खर्च** - अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०८१ मा प्रति कर्मचारी मासिक १० लिटरसम्म इन्धन उपलब्ध गराउन सकिने व्यवस्था छ। पालिकाले यस वर्ष सार्वजनिक निर्माण, कार्यालय प्रयोजनमा रू. ४७,५३,०९०।२२, पदाधिकारीको लागि रू. ८,७१,२५६।३२ गरी रू. ५६२४३४६।५४ इन्धनमा खर्च गरेको देखिन्छ। पदाधिकारी, कर्मचारी तथा सार्वजनिक निर्माणमा खपत भएको इन्धन उपयोगको विवरण खुल्ने अद्यावधिक अभिलेख राखेको पाइएन। इन्धन खर्चलाई प्रयोग गर्ने व्यक्ति र सवारी साधन समेत खुल्ने गरी सार्वजनिक सम्पत्ति व्यवस्थिान प्रणाली (Public Asset Management System, PAMS) मा प्रविष्टि गरी इन्धन खर्चको अभिलेखाङ्कनलाई व्यवस्थित बनाउनुका साथै यस्ता खर्चमा मितव्ययिता अपनाउनुपर्दछ।

२.२ **सवारी साधन मर्मत**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा मालसामान मर्मत गराउँदा सार्वजनिक निकायले आफ्नै मर्मत केन्द्र वा वर्कसप भएको अवस्थामा आफ्नै मर्मत केन्द्र तथा वर्कसपबाट गराउनुपर्ने र नभएको अवस्थामा लागत अनुमान तयार गरी नियमावलीमा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार सवारी साधन मर्मत गराउँदा नियमावलीमा भएको व्यवस्था अनुरुप लागत अनुमान स्वीकृत गराई खुला र प्रतिस्पर्धात्मक मुल्यमा मर्मत सेवा खरिद गर्नुपर्नेमा सोझै खरिद गरी रू. ६४,५९,७५२५।०० भुक्तानी गरेको देखियो।सवारी साधन मर्मतको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (Public Assets Management System) प्रणालीमा अभिलेख प्रविष्टि गर्नुपर्दछ। पालिकाले गरेका केही मर्मत खर्चका नमुनाहरु देहायबमोजम छनः

| क्र.स. | मर्मत भएको सवारी साधन | मर्मतकर्ता | मर्मत खर्च रु |
|---|---|---|---|
| १ | ब्याकोहोलोडर १ थान | डि.एस. हेभी इक्विमेन्ट सोलुसन | ९८५६९।०० |
| २ | ट्रिपर २ थान | सीता अटो पार्टस एण्ड स्पेयर्स | ४७१६१०।८० |
| ३ | जिप २ थान | नेपाल अटो ट्रेर्डस | ९४०२५।०० |
| ४ | एम्बुलेम्स १ थान | न्यू अर्जुन जनरल एण्ड अर्डर सप्लायर्स | ४९१०४९।०० |
| ५ | मोटरसाइकल ३८ थान | सेती मोटरसाइकल अटो सर्भिस | ११७२२५।०० |

सवारी साधन मर्मत गर्दा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ।

२.३ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था छ। यो पालिकाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था निम्न अनुसार रहेको छ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/ प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| पावर ब्याकअप सिस्टम( रु लाखभन्दा बढी पर्ने) | २०७५।०३।२९ | ३ | २७२३३६।९७ | बिग्रिएको |
| डिजिटल नोटिस बोर्ड | २०७५।०३।२९ | १ | २८७६१०।०० | बिग्रिएको |

पालिकाले यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यवस्था मिलाई सम्पत्तिको उपयोग र संरक्षणमा ध्यान दिनु पर्दछ।

२.४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४, ९५ र ९६ थथा ९९ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने तथा मर्मत र लिलाम गर्नुपर्ने मालसमान छुट्याई मर्मत र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ। प्राप्त जिन्सी निरीक्षण प्रतिवेदन अनुसार पालिकाले खप्ने र नखप्ने अलग-अलग नछुट्याएकोले जिन्सी मालसमानको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२.५ **जिन्सी**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको लगत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्यरुपमा पाम्स (PAMS) मा प्रविष्ट गर्न परिपत्र गरेको छ। पालिकाले साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।नियमावलीको व्यवस्था अनुसार मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्यरुपमा पाम्स (PAMS) मा प्रविष्ट गर्नुपर्दछ ।

## ३ विपद व्यवस्थापनतर्फ

३.१ **विपद व्यवस्थापन समिति गठन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा गाउँ कार्यपालिकाको अध्यक्षतामा स्थानीय विपद व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त समिति गठन गरेको भएता पनि उक्त समितिले उक्त दफाको उपदफा २ मा व्यवस्था भए बमोजिमका

कार्यहरु गरेको देखिएन। ऐनमा उल्लेख भए बमोजिम यस समितिलाई सक्रिय बनाउनुपर्दछ।

३.२ **विपद व्यवस्थापन कार्य योजना** - विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ तथा नियमावलीको नियम ८ मा स्थानीय विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, विपद व्यवस्थापनको लागि बजेट विनियोजन गर्ने, भौतिक संरचना निर्माण लगायतमा भवन संहिता लगायत स्वीकृत निर्देशिका वा मापदण्ड लागू गराउने लगायत उल्लेख छ। पालिकाले ऐन तथा नियमावलीमा भएका उल्लिखित प्रावधानहरुको प्रभावकारी पालना गरेको छैन। विपद व्यवस्थापको सम्बन्धमा ऐन नियम तथा संविधानले दिएको कार्यक्षेत्रको प्रयोग हुनुपर्दछ।

३.३ **प्रकोप व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोषमा रहने र कोषमा रहने रकम खर्च स्थानीय तहले बनाएको नियम बमोजिम हुने व्यवस्था छ। पालिकामा विपद व्यवस्थापन कोषमा गत बर्षको मौज्दात समेत रू. १७,१०,१८६।८० आम्दानी प्राप्त भएकोमा कोषबाट रु ४,९९,२३०।०० खर्च भई रू. १२,१०,९५६।८० बाँकी रहेको देखियो। विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

३.४ **विपद व्यवस्थापन वार्षिक प्रतिवेदन** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाइएन। जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली माथि विश्वस्त हुनसक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पााइएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन,

• पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा तोकेको पाइएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा ३०(३) बमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहले बजेट कार्यान्वियनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्थाको पालना गरेको पाइएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म.ले.प.फा.नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित बिल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाइएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

• सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यवस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मिटरसम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रू. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाइएन, साथै यस वर्ष निर्माण गरेका सबै पुँजीगत कार्यको फोटो राख्ने गरेको पाइएन।

• दिगो विकास लक्ष्य (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता तथा शिक्षकको व्यक्तिगत फाइल अद्यावधिक राखेको पाइएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नुपर्नेमा राखेको पाइएन,

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

## ५ परिपालनाको लेखापरीक्षण

५.१ **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। यस पालिका तथा अन्तर्गतका ९ वडाहरुबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध विच्छेद, विवाह दर्ता र अन्य दर्ता तथा सिफारिस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि आर्थिक वर्ष खुल्ने गरी स्पष्ट अभिलेख उपलब्ध हुन सकेन। पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गरी ९ वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ। पालिकाले प्रवाह गरेका सेवाको विवरण देहायबमोजिम छन् :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घरनक्सा दर्ता पास | २९ |
| २ | जन्मदर्ता | १२०८ |
| ३ | मृत्युदर्ता | ४८० |
| ३ | बसाईसराई दर्ता | २९८ |
| ४ | विवाहदर्ता | ६०७ |
| ५ | सम्बन्ध विच्छेद दर्ता | ३८ |

५.२ **अनुदानको अनुगमन** - सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नम्बर १२ तथा संघीय समपुरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को क्रमश बुँदा नं. ११ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारीरुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगमन गरी चौमासिकरुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट सञ्चालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट निम्नानुसार योजनाहरु सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गत सञ्चालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसैगरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणालीको विकास गरेको देखिदैँन। तसर्थ, कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनुपर्दछ।

| क्र.सं. | कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम | स्रोत | खर्च रु |
|---|---|---|---|
| १ | भोक्सीदेखि जादुपुरसम्म सडक कालोपत्रे जानकी गाउँपालिका-८-कैलाली | संघीय सशर्त अनुदान | ८३९५७५।६६ |
| २ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | संघीय सशर्त अनुदान | १८१७३१८०।३५ |
| ३ | अधुरो अमौरी विद्यालय निर्माण जानकी गाउँपालिका-५-कैलाली | संघीय सशर्त अनुदान | २३६६०३१।१४ |
| ४ | नयाँ लायकपुर-जगतपुर-मुर्तिया-कटाँसे हाइड्रोपावर हुँदै पूर्व पश्चिम राजमार्ग जोड्ने सडक कालोपत्रे | संघीय सशर्त अनुदान | ६१७२७२२।९० |
| ४ | सुवर्णपुर भगरैया सडक कालोपत्रे | प्रदेश समपुरक अनुदान | २५०२७५६।०८ |
| ५ | कञ्चनपुर दुर्गौली सडक कालोपत्रे | प्रदेशसम पुरकअनुदान | ११४२३०३।५४ |
| | रूणा विद्यास्थलीदेखि धर्मापुर नेहा मेडिकल सडक कालोपत्रे | प्रदेश विशेष अनुदान | २५६५४५०।५३ |

५.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

५.४ **आवधिक योजना** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५.५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ भित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५.६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.७ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।०३।०६ मा रू.६७०७६८०००.०० को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।०६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

५.८

**योजना प्राथमिकीकरण** - स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ आयोजना प्राथमिकीकरण, छनौट र कार्यान्वयनको लागि स्वीकृत गर्ने सम्बन्धी व्यवस्था छ। जस अनुसार स्थानीय आयोजना बैङ्कको सूचीमा समाविष्ट आयोजनालाई प्राथमिकीकरण र आयोजना तत्परता मूल्याङ्कन (Project Readiness Assessment) का आधारमा थप जाँच गर्नुपर्ने र आयोजनाको प्राथमिकीकरणका लागि मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाका लागि सोही दिग्दर्शनको अनुसूची-११ मा प्रस्तुत भए बमोजिमको आधार तथा विधि अवलम्बन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका ११० योजनाको लागि कुल रू. १४५२०५७६१।८२ बजेट विनियोजन गर्दा दिग्दर्शनमा भएको व्यवस्थाको पालना गरेको देखिदैंन।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रू.२०लाखमाथिका योजना सङ्ख्या | रू.५लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या | रू.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४२ | १६ | १५ | ११ |
| २. | वडास्तरीय | ६८ | ५ | २५ | ३८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ११० योजना कार्यान्वयन भई १२ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ, पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५.९ **क्षेत्रगत बजेट र खर्चको स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी २८.२७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी २.९७ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दीर्घकालीन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नुपर्दछ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,६१,७५,६८९।०० | २,३५,९१,३७६।५४ | ४.२१ |
| २ | सामाजिक विकास | २५,१९,१६,३६०।०० | २,६७,५७,८४९।७६ | ५.१४ |
| ३ | पूर्वाधार विकास | १५,४५,५९,१४२।०० | ११,३४,६४,०६८।२७ | २१.२६ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २,४१,४६,९३४।०० | १,८८,५८,३५०।७२ | २.९७ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १५,७४,१९,८७५।०० | १५,०८,८९,६४४।४१ | २८.२७ |
| कुल जम्मा | | ६१,४२,१८,०००।०० | ५३,३५,६१,२८९।७० | ८६.८६ |

५.१० **खर्च विश्लेषण** -पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू.१,८३,०९,२०६।५० राजस्व बाँडफाँड रु १३,७३,६१,०५२।२५ र अनुदानबाट रू.३९१२७३१७४।२४ समेत रू. ५४,६९,४३,४३२।९९ आम्दानी भएकोमा चालु तर्फ रू.३८,८३,५५,५२७।८८ र पुँजीगत तर्फ रू. १४,५२,०५,७६१।८२ समेत रू. ५३,३५,६१,२८९।७० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.४३ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी सुबिधामा रू. ९७,२६,७६८।९१ खर्च भएको छ जुन आन्तरिक आयको ५३.१२ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९२.४५ प्रतिशत चालु र ७४.७८ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ।

५.११ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार खानेपानी क्षेत्रगत सुशासन कार्यक्रम समेत गरी त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। जस अनुसार यो वर्ष पुँजीगत खर्च रू.१६,३१,४६,८६२।७८ खर्च भएकोमा प्रथम त्रैमासिकमा ७.९२ प्रतिशत, दोस्रो ६.९२ प्रतिशत, तेस्रो त्रैमासिकमा २०.६०प्रतिशत र चौथो त्रैमासिकमा ६४.५६ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. ६,१६,५५,३७३.५६ अर्थात ३७.७६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट उपशीर्षक | कुल खर्च रू. | त्रैमासिक खर्च रू. | | | | आषाढ म खर्च रू. |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १६,३१,४६,८६२।७८ | १,१९,२४,४६६.४२ | १,१३,०३,१७१।३७ | ३,३६,७५,३३८।१० | १०,६२,४३,८८६।८९ | ६,१६,५५,३ |
| प्रतिशत | १००.०० | ७.९२ | ६.९२ | २०.६० | ६४.५६ | ३७.७६ |

५.१२ **मध्यमकालीन खर्चसंरचना**- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा तीनै तहको सरकारले बजेट तर्जुमा गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्चको संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को बजेट तर्जुमाको बखत

मध्यमकालीन खर्च संरचनामा तयार गरेको छ । मध्यमकालीन खर्च संरचनामा तयार गर्दा आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता देखिंदैन। पालिकाले आवधिक योजना र वार्षिक बजेटबीच तादाम्यता कायम गरी बजेटलाई नतिजामूलक बनाउन मध्यमकालीन खर्च संरचाना तयार गरी कार्यान्वियन गर्नुपर्दछ।

५.१३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्ष मा १ पटक भएको देखियो। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

५.१४ **धरौटी विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी अर्को वर्षको लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार पालिकाको गत वर्षको जिम्मेवारी सारेको धरौटी रू. ५८,६६,१८८।३३ र यस वर्ष प्राप्त धरौटी रू २९,२०,०३१।५१ समेत गरी जम्मा रू. ८७,८६,२१९।८४ भएकोमा यस वर्ष रू. ५,९९,००२।३१ फिर्ता भई धरौटी मौज्दात रू. ८१,८७,२१७।५३ रहेको छ ।अवधि पुगेका धरौटीलाई नियममानुसार फिर्ता र सदस्याहा गर्नुपर्दछ।

५.१५ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन।गाउँपालिकाले फोहरमैला ब्यवस्थापन कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

५.१६ **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन LISA रिपोर्ट**- स्थानीय तहको कार्य प्रकृया र उपलब्धिहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मिक सुधार गर्ने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने ब्यवस्था छ । यो वर्षको मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ८६.२५ अंङ्क प्राप्त गरेको विवरण प्राप्त भएको छ। तसर्थ, पालिकाले संस्थागत क्षमतामा सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष दिनुपर्दछ ।

५.१७ **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनसक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ८९ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३७ ऐन, ४० कार्यविधि, ३ नियमावली, ४ निर्देशिका, २ आचारसंहिता, २ मापदण्ड, १ नीति गरी ८९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले ८९ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियन गर्ने र नमुना कानून अनुसार सबै कानुन तर्जुमा गरी कार्यान्वियन कार्यमा जोड दिनुपर्दछ। तसर्थ, उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ।

५.१८ **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया उल्लेख गरी समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ मुद्दा र यो आर्थिक वर्षमा २१ गरी २९ मुद्दा दर्ता भएकोमा २४ फर्स्यौट भई ५ बाँकी रहेको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा लगाउनुपर्दछ।

५.१९ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ६८ वटा सहकारी संस्था रहेकोमा पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो। पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणमा प्राप्त नहुँदा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। पालिकाले ऐन, नियमावली र निर्देशिका अनुसार सहकारी संस्थालाई प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

५.२० **शासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५३ दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय सहित २१ जना पदपुर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, प्रशासन

सहायकलगायत २८ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

५.२१ **पदाधिकारी तथा कर्मचारी बैठक भत्ता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष पदाधिकारीको बैठक भत्ता रू. १३,३८,७६०।०००, कर्मचारीको बैठक तथा फिल्ड भत्ता रू.१४७७७२०।०० अन्य बैठकमा रू.८०८६९५।९१ गरी रु ३६२५१७५।९१ खर्च गरेको छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधाबीचमा आवश्यक तादाम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

५.२२ **आर्थिक सहायता -** आर्थिक सहायता वितरणमा निश्चित आधार तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँ कार्यपालिकाको निर्णय अनुसार विभिन्न व्यक्तिहरुलाई रू. १०,७८,८८५।०० आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. १८३०९२०६।५० को ५.८८ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।

५.२३ **सफ्टवेयर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउन र लागु गर्नु पर्ने व्यवस्था छ। साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। पालिकाले देहाय बमोजिम रू.१४८५६५०।०० बराबरको सफ्टवयर खरिद गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। साथै सफ्टवयर खरिद गरेको तथा नविकरण बापत शुल्क भुक्तानी गरेकोमा सूचना प्रविधि विभागबाट मानक अनुरुप भए नभएको स्वीकृत गराएको देखिएन। जसबाट खरिद गरिएका सूचना प्रविधि प्रणाली (Software)हरु अथेन्टिक रहेको र सरकारी तथ्यांकलाई सुरक्षित गर्ने खालको हुन होइन तथा वास्तविक कार्यालयलाई आवश्यक सफ्टवयर हुन भन्ने सम्बन्धमा एकिन हुन सकिदैंन। यसर्थ, पालिकाले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण तथा खरिद गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराई तथ्याङ्क सुरक्षा तथा गोपनीयता (Data Security and Privacy)लाई समेत ध्यान दिई निर्माण तथा खरिद गर्नुपर्दछ।

| क्र.स. | सफ्टवेयरको नाम | खरिद मिति | कम्पनी | खरिद मुल्य | खरिद आ.व. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Pay Roll | २०७७/ ०८/ १७ | गभर्नेन्स अटोमेसन सोलुसन प्रा.लि. | ३५०००० | २०७७/ ०७८ | संचालनमा नरहेको |
| २. | राजश्व व्यवस्थापन प्रणाली | २०७७/ ०७/ २८ | स्पाइरल टेक्नोलोजिज प्रा.लि. | ४८८७२५ | २०७७/ ०७८ | संचालनमा नरहेको |
| ३. | अपांगता परिचयपत्र व्यवस्थापन प्रणाली | २०७७/ ०५/ १८ | Malika Incorporate Pvt. Ltd | ४९७२०० | २०७७/ ०७८ | संचालनमा नरहेको |
| ४. | व्यवसायदर्ता-सुचिकृत प्रणाली | २०७७/ १२/ १३ | Mphasis Tech Foundation Pvt.Ltd. | १४९७२५ | २०७७/ ०७८ | संचालनमा नरहेको |
| जम्मा | | | | १४८५६५० | | |

५.२४ **वडाको विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाको कुल विविध खर्च रु ५५१९२७०।८३ मध्ये निम्नानुसार वडा कार्यालयहरुलाई विभिन्न मितिमा विविध शीर्षकबाट वडालाई रू ६०९६८०।०० भुक्तानी गरेको छ। विविध खर्च वडा कार्यालयहरुको अतिथि सत्कार खाना, वडा समितिका खर्चहरु, नास्ता, खाद्य सामग्री तथा अन्य सामानहरु खरिद गरेको बिल भरपाईको आधारमा लेखेको देखिन्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र खाना खाजा जस्ता विविध प्रकृतिका खर्च बीच आवश्यक तादाम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्ड आधारित बनाउनुपर्दछ।

| वडा नम्बर | खर्च रु |
|---|---|
| १ | ७४,७७०।०० |
| २ | ६४,९८५।०० |
| ३ | ६५०००।०० |
| ४ | ६५०००।०० |
| ५ | ६००००।०० |
| ६ | ६५०००।०० |
| ७ | ६४९२५।०० |
| ८ | ७५०००।०० |
| ९ | ७५०००।०० |
| **जम्मा** | ६०९६८०।०० |

५.२५ **योजना कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा २४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनितिका विषय, क्षेत्रगत र दीर्घकालिन विकास योजना लागु गर्नुपर्ने व्यवस्था छ। उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल दिने जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने स्थानीयहरुको सहभागिता जुट्ने, स्वंयम सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने लैङ्गिक समानता र समावेशीकरण अभिवृद्धि हुने महिला बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक वार्षिक रणनितिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना नबनाई साना साना टुक्रे कामका लागि बजेट विनियोजन गरी खर्च गर्ने गरेको देखिन्छ। साथै छनोट भएका योजनाहरु कार्यान्वयन गर्दा एकै प्रकृतिका कामहरु सम्भव भएसम्म एउटै प्याकेज बनाई खरिदमा प्रतिष्पर्धा गराई लागत प्रभावी ढंगबाट काम गर्नु पर्नेमा धेरै निर्माणकार्य उपभोक्ता समिति मार्फत एंव दररेट माग गरी साना फर्मबाट खरिद एंव निर्माण कार्य गराउने गरेको कारण गुणस्तर, दिगो एवं दीर्घकालीन आय आर्जन र रोजगारीमा योगदान पुग्ने खालका निर्माण कार्यहरु न्यून मात्रामा भएको देखियो। पालिकाले ठुला एवं दीर्घकालीन रोजगारी सृजना र आयआर्जन तथा जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ।

५.२६ **कार्यक्रमगत प्रगति प्रतिवेदन** - प्रत्येक कार्यक्रम कार्यन्वयन कार्यविधिमा कार्यक्रमको प्रगति तथा अनुगमन प्रतिवेदन बनाउनुपर्ने व्यवस्था छ। जसबाट सबै सूचना प्राप्त गर्नुका साथै कार्यक्रमको सारांस प्राप्त गर्न सकियोस। पालिकाबाट यो वर्ष संचालित कार्यक्रमहरु अन्तर्गत वितरण गरेका अनुदान रकम, लाभान्वित लाभग्राहीहरु, प्राप्त उपलव्धि लगायतका सचनाहरु एकिकृत र खण्डिकृतरुपमा प्राप्त हुन सक्ने गरी प्रगति वितरण तयार गरेको छैन। जसले पालिकाबाट अनुदान वितरण गरेका व्यक्ति तथा संस्थाको संख्या तथा विवरण प्राप्त हुन सकेन। जसले गर्दा प्रगति समिक्षा गर्न सकिएन।

५.२७ **पत्रपत्रिका वापतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा सरकारी रकम खर्च खर्दा अधिकार प्राप्त व्यक्तिले सुनिश्चित भएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाईने ब्यवस्था छ। सूचना तथा प्रसारण विभाग बाहेक अन्य सरकारी निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ। पालिकाले यो वर्ष पत्रपत्रिकामा शुभकामना प्रकाशमा निम्नानुसार सञ्चार गृहहरुलाई रु ३०५८५९३।८० खर्च गरेको पाइयो। तसर्थ, यसप्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ।केही नमुना भौचरहरु देहायबमोजिम छनः

| भौचरनं./मिति | शीर्षक | प्राप्तकर्ताको नाम | खर्च रू. |
|---|---|---|---|
| ३२४।२०८१।०७।०७ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | सन्देश मिडिया प्रा. लि. | २११७७।५० |
| ४६१।२०८१।०८।०९ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | सामुदायिक रेडियो टीकापुर एफएम १०१ मेगाहर्ज | ६४९३१।०० |

५.२८ **सूचना प्रविधिको प्रयोग** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को निमय १२९ मा कुनै कार्यालयले लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न वा लेखा सम्बन्धी कारोबार गर्न महालेखा नियन्त्रक कार्यालय तथा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था छ।पालिकाले कर सङ्कलनलाई व्यवस्थित गर्ने उद्देश्यले सूचना प्रणाली तथा सफ्टवेयर संचालनमा ल्याएकोमा नियमावलीको प्रावधान अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिएको पाइएको देखिएन। नियमावलीको पालना हुनुपर्दछ।

५.२९ **वार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रू. १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रू. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १६,३१,४६,८६२।७८ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## ६ वित्तीय विवरण परीक्षण

६.१ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेकोले। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.२१०७९०८७८।००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. २६६२८८१७।००, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको रू. ९२७७५२।१० र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रू .३९७७५०।०० गरी रू. २३८७४५१९७।१० सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण हुन सक्दैन। तसर्थ, सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ६.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६.२ **फरक हिसाब –** यस पालिकालेलसुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति र भुक्तानी रू.२३८७४५१९७।१०फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गत वर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५६७०९१३६।५८ | ५८८७३४८५७।३८ | ५६०२५३७६५।७९ | ५१४३३८४७।४१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५६७०९१३६।५८ | ८२७४८००५४।४८ | ७९८९९८९६२।८९ | ५१४३३८४७।४१ |
| फरक रु. | ० | २३८७४५१९७।१० | २३८७४५१९७।१० | ० |

६.३ **अनुदान फिर्ता–** आर्थिक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यसैगरी सुदूरपश्चिम प्रदेश आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा प्राप्त भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको खर्चको फाँटवारी तथा अनुदान प्राप्ति विवरणमा निम्नानुसार रू. ३५००४६७७।४६ संघ तथा प्रदेश अनुदानको रकम खर्च हुन नसकी सम्बन्धित तहको संचित कोषमा फिर्ता भएको छ । पालिकाले संघ र प्रदेशबाट प्राप्त अनुदानको अधिकतम उपयोग हुने गरी खर्च गर्नुपर्दछ।

| अनुदान | प्राप्त रकम | खर्च रकम | फिर्ता हुनुपर्ने | फिर्ता भएको | फरक रु |
|---|---|---|---|---|---|
| संघ सशर्त (चालु) | २०७२६५०००. | १९०१६६५५९.१२ | १७०९८४४०.८८ | १७२०९४१५.७९ | -११०९७४.९१ |
| संघ सशर्त (पुँजीगत) | ५२७७००००. | ३९८६५२३४.९ | १२९०४७६५.१ | १२७९३७९०.१९ | ११०९७४.९१ |
| संघ(समपुरक अनुदान पुँजीगत) | ७००२७६६. | ६१७२७२२.९ | ८३००४३.१ | ८३००४३.१ | ०. |
| प्रदेश सशर्त (चालु) | ९०८०००. | ९०८०००. | ०. | ०. | ०. |
| प्रदेश सशर्त (पुँजिगत) | ८८२३४२१. | ७६०६२६७.१७ | १२१७१५३.८३ | २४६५४५०.५३ | ०. |
| प्रदेश विशेष(पुँजिगत) | २५३०२०६. | २४६५४५०.५३ | ६४७५५.४७ | ६४७५५.४७ | ०. |
| प्रदेश समपुरक अनुदान(पुँजीगत) | ५२८६२८२. | ३६४५०५९.६२ | १६४१२२२.३८ | १६४१२२२.३८ | ०. |
| जम्मा | २८४५८५६७५. | २५०८२९२९४.२४ | ३३७५६३८०.७६ | ३५००४६७७.४६ | ०. |

६.४ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | श्रेस्ताअनुसार | बैंक अनुसार | फरक |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ० | ० | ० |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| स्थानीय तह सञ्चित कोष खाता | ४,०६,५७,२५६.४६ | ४,०६,५७,२५६.४६ | ० |
| स्थानीय तह धरौटी खाता | ८५,७३,२२०.१७ | ८५,७३,२२०.१७ | ० |
| चालू खर्च खाता-जोर वर्ष | ० | ० | ० |
| पुँजीगत खर्च खाता-जोर वर्ष | ० | ० | ० |
| विविध खर्च खाता | ३४,८१०.३४ | ३४,८१०.३४ | ० |
| स्थानीय तहको विविध कोष खाता | ९,५७,६०३.६४ | ९,५७,६०३.६४ | ० |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १२,१०,९५६.८० | १२,१०,९५६.८० | ० |
| जम्मा | ५,१४,३३,८४७.४१ | ५,१४,३३,८४७.४१ | ० |

स्रेस्ता र बैङ्क स्टेटमेन्टनुसार वर्षान्तको मौज्दात रू.५,१४,३३,८४७।४१ को हिसाब पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।

७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलब्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्योँटगर्नुपर्ने व्यवस्था छ। पालिकालेगत वर्ष रयसवर्ष पेश्कीको रुपमा भुक्तानी भएको निम्नानुसार रकम आर्थिक वर्षको अन्त्य सम्म फस्योँट नभएकोले नियमानुसार पेश्की फस्योँट गर्नुपर्ने रू.

| क्र.सं. | गो.भौ.न. मिति | पेश्की विवरण | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | यस आ.व. | गत आ.व. | यस आ.व. | गत आ.व. | |
| १ | १(२०८१।०५।१६) | सार्वजनिक सुनुवाई २ पटक | अधिकृत छैटौं इश्वर भट्टराई | ० | ५०००० | ० | ० | ५०००० |
| २ | १(२०८१।०५।१६) | सार्वजनिक सुनुवाई | खरिदार देवेन्द्र कुमार चौधरी | ० | २५००० | ० | ० | २५००० |
| ३ | १(२०८१।०५।१६) | बडघरलाई न्यायिक समिति सम्बन्धी क्षमता अभिवृद्धि | सहायक चौथो मेवालाल चौधरी(डगौरा) | ० | १३०००० | ० | ० | १३०००० |
| ४ | १(२०८१।०५।१६) | कार्यक्रम खर्च | सहायक चौथो हरि बहादुर विष्ट | ० | २३१००० | ० | ० | २३१००० |
| ५ | १(२०८१।०५।१६) | महिला सम्बन्धी विभिन्न कार्यक्रम | वरिष्ठ अधिकृत हिरालाल चौधरी | ० | ३०१०० | ० | ० | ३०१०० |
| ६ | ४८(२०८१।०८।१८ ) | तलब पेश्की | कार्यालय सहयोगी जयराज रोकाय | ३५९५८।०० | | ० | ० | ३५९५८।०० |
| ७ | ३८(२०८२।०३।१२) | प्रधानाध्यापक बैठक भत्ता | शिक्षा अधिकृत धर्मानन्द कपाडी | ५०६६०।०० | ० | ० | ० | ५०६६०.०० |
| ८ | ३६४(२०८२।०३।२३) | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | त्रिवेणी लाफा शुभलक्ष्मी जे.भी. | ० | ० | १०५५०००० | ० | १०५५०००० |
| ९ | ४४१(२०८२।०३।३२) | सडक तथा पुल निर्माण | बि.बि.एस. कन्ट्रक्सन कम्पनी | ० | ० | ४००००० | ० | ४००००० |
| १० | १(२०८१।०५।१६) | महिला सम्बन्धी बिबिध कार्यक्रम | कैलाली नेत्रहिन संघ | ० | ४०००० | ० | ० | ४०००० |
| ११ | २०५७(२०८२।०३।३२) | कार्यक्रम खर्च | पहुँच बिहिनकालागि सामाजिक उत्थान केन्द्र(एक्सेस नेपाल) | ० | २००००० | ० | ० | २००००० |
| १२ | १(२०८१।०५।१६) | स्वास्थ्य सम्बन्धी बिबिध कार्यक्रम | टेक बहादुर हमाल | ० | ४५०००० | ० | ० | ४५०००० |
| जम्मा | | | | ८६६१८ | ११५६१०० | १०९५०००० | ० | १२१९२७१८ |

| | |
|---|---|
| पेश्की | ८६,६१८ |

८ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति

विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | १७६ | १४६ | ६ | ५ | ४ | १५ | ३१०७४८०।०० |
| ३११०० | २३५ | ४४ | २ | ७ | ८ | १७४ | १४५२०५७६१।८० |
| जम्मा | ४११ | १९० | ८ | १२ | १२ | १८९ | १४८३१३२४१।८० |

पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ४११ कार्यक्रम तथा आयोजना मध्ये शून्य प्रगति हुने १९० योजना र ७५ प्रतिशत भन्दा बढी प्रगति हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या १८९ रहेको छ।

• शून्य प्रगति हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लैजाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शून्य प्रगति भएको देखिन्छ ।

• ४११ योजना मध्ये बाहेक २२१ योजना तथा कार्यक्रममा रू.१३ करोड ८३ लाख १३ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगति हासिल गर्न पालिकाको ध्यान दिनुपर्दछ।

### ९ योजना तर्जुमा र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ३० योजनामा रू.२० लाख ९३ हजार र रू.१ लाख देखि ५ लाख सम्मका १०७ योजनामा रू.२ करोड ६२ लाख ७१ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| रु.१ लाखसम्म | ३० | २०९३१३२।०० |
| रु.१ देखि ५ लाखसम्म | १०७ | २६२७१०७०।३९ |
| रु.५ देखि १० लाखसम्म | २६ | २१७८५७८८।६९ |
| रु.१० देखि २० लाखसम्म | ९ | १३३०७२७०।०० |
| रु.२० देखि ५० लाखसम्म | १४ | ३६२१६३५९।१८ |
| रु.५० लाखदेखि माथी | ५ | ४५५३२१४१।५० |
| जम्मा | १९१ | १४५२०५७६२।०० |

### १० वितरणमुखी/अनुत्पादक खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेत कायम गर्ने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिम वितरणमुखी कार्यक्रम राखी खर्च गरेको देखियो । यसरी आवश्यकता, प्रभावकारिता र उपलब्धि जस्ता विषय अनुमान नगरी सोझै सामग्री खरिद गरी वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | भौ.नं. र मिति | विवरण | खर्च रु |
|---|---|---|---|
| १ | ७७४-२०८२। १०।२० | कृषकहरूलाइ बीउ बिजन विषादी वितरण | २१९०३० |
| २ | ६०८-२०८१।९। १२ | अमौरामा रहेको चर्चलाईबाजा वितरण | ९९१०१ |
| ३ | १०३०-२०८१। १२।६ | महिला स्वास्थ्य स्वयंमसेविकाहरुलाई प्रोत्साहन स्वरूप मोबाइल वितरण | ११९४९८ |
| ४ | ११२८-२०८१। १२।२० | अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन कार्यक्रम अन्तर्गत ३३ थान ब्ल्यांङकेट वितरण | ४६२३९ |
| ५ | ९३६-२०८१। ११।२० | अमौरी सानो टोल समाजको लागि टेन्ट र बाजा विरतण | १२४८८७ |
| ६ | १४२६-२०८२। २।२७ | अपाङ्गता आय आर्जन कार्यक्रममा १२ बाख्रा विरण | ९६००० |
| ७ | १५३२-२०८२। ३।१२ | गाँउसभा अधिवेशनमा सदस्यहरुलाई ५० थान झोला वितरण | १७६९९० |

११ **फरक शीर्षक**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गरी र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शीर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायअनुसार फरक शीर्षकबाट रु ६९७८७।०० खर्च गरेको छ।फरक शीर्षकवाट गरेको खर्च नियमसम्मत नदेखिएको रू.

| गो.भौ.नं./मिति | विवरण | खर्च रु |
|---|---|---|
| १६७७-२०८२।३।२३ | पानी तथा विजुलीबाट मसलन्द खर्च | ४३६८७ |
| २०३४-२०८२।३।२५ | ईन्धन कार्यालय प्रयोजनबाट भ्रमण खर्च | २६१०० |
| जम्मा | | ६९७८७ |

| अनियमित भएको | ६९,७८७ |
|---|---|

१२ **जनप्रतिनिधिलाई पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको जाँच गर्नुपर्ने तथा नियमावलीको परिच्छेद ५ मा पेश्की लिने र फछ्र्यौट गर्ने कार्यविधि उल्लेख गरी जनप्रतिनिधिलाई पेश्की उपलब्ध गराउने कुरा उल्लेख गरिएको छैन। पालिकाको पदाधिकारी तथा सदस्यहरुलाई सुदूरपश्चिम प्रदेशको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न

बनेको विधेयकको दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम बाहेकको सुविधा उपलब्ध नगराइने कुरा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा विभिन्न जनप्रतिनिधिलाई विभिन्न प्रयोजन देखाई तलब पेश्की उपलब्ध गराएको पाइयो। यसरी ऐन नियम तथा कार्यविधि विपरित पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ। नमुना परीक्षणको क्रममा देखिएका केही उदाहरणहरु:

| क्र.सं. | भौ. नं. | मिति | विवरण | खर्च रु |
|---|---|---|---|---|
| १ | ३५५ | ०७/१२/२०८१ | ५नं. वडा सदस्य जहन्जिरूवा डगौरा थारू | ४०,००० |
| २ | ४७७ | ०८/१२/२०८१ | कार्यपालिका सदस्य पार्वती देवी डगौरा थारू | ४०,००० |
| ३ | ७५६ | १०/०९/२०८१ | कार्यापालिका सदस्य राधा भुल | ३०,००० |
| ४ | ७७० | १०/१५/२०८१ | ५ नं. वडा अध्यक्ष भिम बहादुर चौधरी | १००,००० |
| ५ | ८२७ | १०/२८/२०८१ | कार्यपालिका सदस्य पवित्रा विश्वकर्मा | ३०,००० |
| ६ | ९१४ | ११/१३/२०८१ | ४ नं. वडा अध्यक्ष दिपेन्द्र कुमार कठरिया | ६०,००० |
| ७ | ९२४ | ११/१३/२०८१ | कार्यापालिका सदस्य पार्वती देवी डगौरा थारु | ६०,००० |
| ८ | १००४ | ११/२८/२०८१ | ८ नं. वडा सदस्य मक्कुलाल डगौरा थारू | २०,००० |
| ९ | १०२३ | १२/०५/२०८१ | १ नं. वडा सदस्य राजाराम थारू | ३०,००० |
| १० | १०३८ | १२/०६/२०८१ | ४ नं. वडा सदस्य सुशिला कठरिया | ४०,००० |
| ११ | ११८४ | ०१/०८/२०८२ | कार्यपालिका सदस्य राधा भुल | ३९,००० |
| १२ | १२४६ | ०१/१९/२०८२ | ५ नं. वडा सदस्य जहन्जिरूवा ड. थारू | ३१,५०० |
| १३ | १४१९ | ०२/२६/२०८२ | ४ नं. वडा अध्यक्ष दिपेन्द्र कुमार कठरिया | २२,००० |

### १३ सुचना प्रशारणमा नियमको पालना

विज्ञापन (नियमन गर्ने) (पहिलो संशोधन) नियमावली, २०८० को नियम ६क. को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने र यसरी भुक्तानी गर्दा बिज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१(२)(ख) बमोजिम खर्च रकमको तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गर्ने व्यवस्था छ। पालिकाबाट भुक्तानी भएका केही सूचना तथा विज्ञापनको नमुना छनोट गरी परीक्षण गर्दा सञ्चारमाध्यमले जारी गरेको विलबमोजिम तथा विज्ञापन एजेन्सीमार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी नगरेको तथा तीन प्रतिशत रकम बिज्ञापन बोर्डको कोषमा जम्मा गरेको समेत देखिएन। नमुना परीक्षण अनुसार पालिकाबाट विज्ञापन तथा सूचना प्रशारण बापत भुक्तानी गर्दा उल्लिखित व्यहोरा अनुसार भए नभएको कार्यालयबाटै यकिन गरी निम्न अनुसार भुक्तानी गर्दा ३ प्रतिशतले हुने रकम बिज्ञापन बोर्डमा जम्मा गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गो.भा.नं. । मिति | नाम | कर लाग्ने रकम | ३ प्रतिशत हुनेरकम |
|---|---|---|---|
| ४०६-२०८१।७।३० | जोइनमल्टिपल सर्भिस प्रा.लि. | २४३६०० | ७३०८ |
| ७५०-२०८१।१०।२९ | लोक भिजनसाप्ताहिक | ४२००० | १२६० |
| ७८३-२०८१।१०।२१ | प्रनिशाफिल्मस प्रा.लि. | २३००० | ६९० |
| ८९४-२०८१।११।१२ | जोइनमल्टिपल सर्भिस प्रा.लि. | १९३२०० | ५७९६ |
| ८९६-२०८१।११।१२ | अतिथिमिडिया एण्ड इभेन्ट प्रा.लि | २८८७५० | ८६६३ |
| ८९७-२०८१।११।१२ | जोइनमल्टिपल सर्भिस प्रा.लि. | १८०६०० | ५४१८ |
| ८९८-२०८१।११।१२ | फाइब बाइफाइब मिडिया | ४६२०० | १३८६ |
| ९०३-२०८१।११।१३ | लोक भिजनसाप्ताहिक | २१५०० | ६४५ |
| १०५१-२०८१।१२।१३ | अख्वारीसाप्ताहिक पत्रिका | २४००० | ७२० |
| १०५९-२०८१।१२।१३ | नमस्तेक्रियसन एण्ड एड्भरटाइजिङ प्रा.लि. | ८३३०० | २४९९ |
| १०६८-२०८१।१२।१३ | जोशिपुरसाप्ताहिक पत्रिका | ३२००० | ९६० |
| १३२२-२०८२।२।४ | समाधानन्युज | २५००० | ७५० |
| १४९०-२०८२।३।११ | प्रनिशाफिल्मस प्रा.लि. | २८००० | ८४० |
| १७५८-२०८२।३।२४ | जोइनमल्टिपल सर्भिस प्रा.लि. | २४४६५० | ७३४० |
| १७६०-२०८२।३।२५ | अतिथिमिडिया एण्ड इभेन्ट प्रा.लि | १०६०५० | ३१८२ |
| १७६२-२०८२।३।२५ | अनुमोदनविज्ञापन सेवा | ५२३६० | १५७१ |
| १७६४-२०८२।३।२५ | नमस्तेक्रियसन एण्ड एड्भरटाइजिङ प्रा.लि. | ६३००० | १८९० |
| १७६९-२०८२।३।२५ | हटलाइनपब्लिकेसन प्रा.लि. | ३६००० | १०८० |
| १७९९-२०८२।३।२५ | समाधानन्युज | २९८०० | ८९४ |
| १८७३-२०८२।३।२५ | जानकी खबर | ६०००० | १८०० |
| जम्मा | | | ५४६९० |

| प्रमाण पेश नगरेको | ५४,६९० |
|---|---|

१४ **पदाधिकारी भ्रमण भत्ता (विदेश भ्रमण)**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **४०४,९८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

१५ **बैठक भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि आवश्यक बिल भरपाई संलग्न भए नभएको जाँच गर्नुपर्ने तथा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,

२०७५ को दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम सुविधा उपलब्ध गराइने उल्लेख छ। पालिकाले विभिन्न मितिमा बसको कार्यपालिकाको बैठकमा अनुपस्थित भएका कार्यपालिका सदस्यलाई पनि बैठक भत्ता र यातायात खर्च रु ११०००।०० उपलब्ध गराएको देखियो। देहायका पदाधिकारीलाई अनुपस्थित भएका दिनमा पनि बैठक भत्ता भुक्तानी भएकोले निजहरुबाट असुल हुनुपर्ने रू.

| सि.नं. | दर्जा | नाम, **थर** | बैठकमा अनुपस्थितसंख्या | प्रति बैठक असुलहुनुपर्ने **यातायात खर्च रू** | प्रति बैठक असुलहुनुपर्ने रु | जम्मा असुलगर्नुपर्ने रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा अध्यक्ष | श्री खकेन्द्र भण्डारी | ११ | ० | १००० | ११००० | श्रावण-२, भाद्र-२ , असोज-२ , कार्तिक-१ , मङ्सिर-१ , माघ-१ र फाल्गुन-२ दिन गरी ११ बैठकमा अनुपस्थित |
| जम्मा | | | | | | ११००० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **११,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा १५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,००० |

१६ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने, अस्थायी दरबन्दी सिर्जना गर्न नहुने र तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनुपर्ने तथा सुदूरपश्चिम स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा ऐन, २०८२ को दाफा ८ मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा त्यस्तो सङ्गठन संरचना वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन हुने समितिले प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने तर कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न तथा नियुक्ति पाएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधाको रकम नियुक्ति गर्ने अधिकारीबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। त्यस्तै स्थानीय स्वास्थ्य सेवा, कम्प्युटर अपरेटर, इन्जिनियरिङ सेवा, माईक सञ्चालक, क्यामेराम्यान, पलम्बर, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, हलुका सवारी चालक, हेभी सवारी चालक, माली र स्वीपर पदको स्वीकृत दरबन्दी रिक्त भएको अवस्थामा कार्यालयलाई अति आवश्यक भएमा मन्त्रालयको अनिवार्य सहतिमा उक्त पदमा प्रचलित कानून बमोजिम करारमा नियुक्ति गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले संगठन सर्भेक्षण गराएको देखिएन। पालिकाले उपलब्ध गराएको विवरण अनुसार सहायक पाँचौ, सहायक चौथो पदमा ८ जना करारमा राखी रू. ३४,९३,१००।०० खर्च लेखेको छ। पालिकाले कानुन बमोजिम संगठन सर्भेक्षण गरी स्थानीय तहको आन्तरिक श्रोत, दरबन्दीको आवश्यकता र औचित्य समेतको अधारमा सङ्गगठन संरचना स्वीकृत गराई प्रदेश किताबखानामा पद दर्ता गराई प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति गर्नुपर्दछ। दरबन्दी भन्दा बढी पदपूर्ति गरी तलबभत्ता लेखेको रकम नियमसम्मत नदेखिएको रू. ३४,९३,१००।००

| | |
|---|---|
| अनियमित भएको | ३४,९३,१०० |

१७ **विद्युत जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले सवारी साधनको बीमा तथा नवीकरण र विद्युत महशुल समयमै भुक्तानी गर्नुपर्नेमा ढिलो गरी भुक्तानी गरेकोले बीमा तथा नवीकरण जरिवाना स्वरूप रू.१३३४०।०० र विद्युत महशुलमा रू.२२६८०६।०० गरी रू.२४०१४६।०० जरिवाना भुक्तानी गरेको छ ।यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | २,४०,१४६ |

१८ **वडा अध्यक्षलाई भ्रमण भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १२ मा वडा समितिको काम,कर्तव्य र अधिकारको निर्धारण गरेको छ। भ्रमण खर्च नियमावली,२०६४ को नियम ४(१)मा सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने तथा नियम ४(२)भ्रमण गर्दा राजपत्राङ्कित कर्मचारी वा सो भन्दा माथिल्लो दर्जाको पदाधिकारी वा कर्मचारी भए हवाई यातायात सञ्चालन नभएको ठाउँमा भ्रमण गर्दा वा अन्य कर्मचारीले भ्रमण गर्दा यातायातका अन्य साधन प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाका वडाका जनप्रतिनिधिहरू भ्रमणमा जाँदा भ्रमणको उद्वेश्यमा आफ्नो काम, कर्तव्य र अधिकारमा उल्लेख नै नभएको संघीय मन्त्रालयमा योजना माग कार्यालयको विशेष कामले संघीय मन्त्रालय,काठमाडौँ गएको भ्रमण उद्वेश्य देखाई रू.१५५४००।०० हवाई भाडामा खर्च लेखेको छ। सार्वजनिक सवारी साधनको सहज उलब्धता हुँदाहुँदै पनि हवाई यातायात प्रयोग गरेकव देखिन्छ। नियममा भएको व्यवस्थाको पालना गरी भ्रमणलाई किफायती र मितव्ययी बनाउन ध्यान दिनुपर्दछ।

| गो.भौ.नं./ मिति | वडा अध्यक्षको नाम | हवाइभाडा रू. |
|---|---|---|
| २७८-२०८१।६।२२ | श्री कमल महतो | ६७००।०० |
| ७७७-२०८१।१०।२३ | श्री कमल महतो | ६०००।०० |
| ८१३-२०८१।१०।२४ | श्री इन्द्र चौधरी | १४७००।०० |
| ९३७-२०८१।११।२० | श्री इन्द्र चौधरी | १५२००।०० |
| १०३४-२०८१।१२।६ | श्री खकेन्द्र भण्डारी | १३४००।०० |
| १०७३-२०८१।१२।२० | श्री इन्द्र चौधरी | १४४००।०० |
| ११२६-२०८१।१२।२० | श्री कमल महतो | ७२००।०० |
| ११५५-२०८१।१२।२७ | श्री भिम बहादुर चौधरी | ८३००।०० |
| १२८१-२०८२।१।२१ | श्री तिर्थ राज उपाध्याय | ६३००।० |
| १२९१-२०८२।१।२२ | श्री इन्द्र चौधरी | १४४००।०० |
| १२८१-२०८२।१।२२ | श्री सुरेश चौधरी | ६७००।०० |
| १३०१-२०८२।१।२३ | का.पा.सदस्य श्री पार्वती देवी डगौरा थारु | १३४००।०० |
| १४१८-२०८१।२।२६ | वडा सदस्य श्री मोहन कुमार डगौरा थारु | ७२००।०० |
| १५४८-२०८२।३।१२ | का.पा.सदस्य श्री इन्द्र सोप बिक | ७६००।०० |
| २०३४-२०८२।३।२५ | श्री खकेन्द्र भण्डारी | १३९००।०० |
| जम्मा | | १५५४००।०० |

१९ **बहाल कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तिले खर्च लेख्नु अघि रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नमुना परिक्षणका क्रममा पालिकाले देहाय बमोजिमको भुक्तानीमा कट्टा गर्नुपर्ने बहाल कर रु 6402.00 कट्टा गरेको देखिएन। उक्त रकम देहायअनुसार दखिला गर्नुपर्ने रू.

| गो.भौ.नं. र मिति | भुक्तानी प्रापकर्ताको नाम | बेहोरा | बहाल कर रू. |
|---|---|---|---|
| १२२७-२०८२।१।१७ | संतराम कठारिया | योग, ध्यान, आयुर्वेद तथा सकारात्मक सोच विकास कार्यक्रममा रू.२५००० को टेन्ट भाडामा लिएकोमा १०% बहाल कर नकाटेको | २५०० |
| १९३३-२०८२।३।२५ | कठारिया सोसाइटी नेपाल | वडा नं.४ मुनुवा, राष्ट्रिय कठरिया साँस्कृतिक होरी महोत्सव कार्यक्रममा रू.३९०२० को टेन्ट र साउण्ड सिस्टम भाडा लिएकोमा १०% बहाल कर नकाटेको | ३९०२ |
| जम्मा | | | ६४०२ |
| | | असुल गर्नुपर्ने | ६,४०२ |

२० **निर्माणतर्फ**

२०.१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। गाउँपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राखुपर्दछ।

२०.२ **बोलपत्रको मूल्याङ्कन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ मा बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्रदाताले सन्तोषजकरूपमा कार्य गर्न नसक्ने गरी न्यून कबोल अङ्क उल्लेख गरेको वा निर्माण कार्यको क्षेत्र वा प्राविधिक स्पेशिफिकेसन गलतरूपमा बुँझी वा नबुँझी अस्वभाविक न्यून कबोल अङ्क उल्लेख गरेको छ छैन भन्ने कुरा बोलपत्र मूल्याङ्कन समितिले जाँच गर्नुपर्ने ब्यवस्था छ । त्यसरी न्यून कबोल अङ्क उल्लेख गरेको अवस्थामा त्यस्तो बोलपत्रदातासँग दर विश्लेषण सहित स्पष्टिकरण माग गर्नुपर्ने र प्राप्त स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो बोलपत्रदातासँग निजको कबोल अङ्कको आठ प्रतिशतले हुने रकम बराबर थप कार्य सम्पादन जमानत लिई बोलपत्र स्वीकृत गर्ने सिफारिस गर्न र स्पष्टीकरण सन्तोषजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सार्वजनिक निकायलाई सिफारिस गर्नसक्ने व्यवस्था छ। पालिकाले यो वर्ष ठेक्का व्यवस्थापन भएका निम्नानुसार निर्माण कार्यको लागत अनुमानको २०.९४ प्रतिशत देखि ५६.०६ प्रतिशतसम्म घटेर कबोल अङ्क प्रस्ताव गरी बोलपत्र पेश गरेको पाइयो । लागत अनुमानको करिब ४५ प्रतिशत लागतमा तोकिएको गुणस्तरमा र तोकिएको पारिमाणको कार्य हुनसक्ने अवस्था स्वभाविक नदेखिंदा समेत बोलपत्र मूल्याङ्कन समितिले नियममा भएको व्यवस्था अनुसार दर विश्लेषण सहित स्पष्टिकरण माग गरेको देखिएन। कार्यसम्पादन जमानत समेत तोकिए बमोजिम थप माग नगरी बोलपत्र स्वीकृत गरी सम्झौता गरेको देखियो। लागत अनुमान भन्दा अस्वभाविक न्यून कबोल अङ्क प्रस्ताव भएको अवस्थामा पालिकाले नियममा भएको व्यवस्थाको अनुसरण गरी ठेक्का व्यवस्थापनमा आइपर्नसक्ने सम्भावित जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

| S.N. | Contract No. | Name of project | Name of the Contractor | Estimate Amount with VAT | Contract Amount (with VAT) | Percentage Below |
|---|---|---|---|---|---|---|
| १ | NCB/JRM/W/01/2081/082 | Upgrading of Kanchanpur-Durgauli Road Janaki-4 Kailali. | लक्ष्मीकन्स्ट्रक्सनमंगलसेन-१० अछाम | ९४९९१९०.४० | ५२७५१४५.८७ | ४४.४७ |
| २ | NCB/JRM/W/03/2081/082 | Upgrading of Karuna Vidhyasthali-Dharmapur Road Janaki-3 Kailali. | न्यूसमिप निर्माण सेवाटीकापुर-९ कैलाली | ३९९९०९५.२० | २४७९१६२.९१ | ३८.०१ |
| ३ | NCB/JRM/W/05/2081/082 | Upgrading of Mahendra Sishu Hostel-Gamakka Kula Road Janaki-1 Kailali. | प्रेमनिर्माण सेवा पचालझरना-८कालिकोट | २०३२४५५.३० | १३२१४९८.६९ | ३४.९८ |
| ४ | NCB/JRM/W/06/2081/082 | Construction of Amauri Adhuro School Building Janaki-5 Kailali. | प्रेमनिर्माण सेवा पचालझरना-८कालिकोट | ३७९३७१२.६५ | २४११३०१.७८ | ३६.४४ |
| ५ | NCB/JRM/W/07/2081/082 | Upgrading of Fireline Road Janaki-9 Kailali. | ओमडी.एस. निर्माण सेवाजानकी-९ कैलाली | ३९९९२२१.३० | २१२३८०९.२४ | ४६.८९ |
| ६ | NCB/JRM/W/09/2081/082 | Upgrading of Ward 9 Road (Arunodaya-Theki Adhuro Katanse Tikapur Dudejhari-Janata School Road) Janaki-9 Kailali. | के.एस.आर.निर्माण सेवाजानकी-९ कैलाली | ४१९९०५८.४० | २२३८९२१.२४ | ४६.६८ |
| ७ | NCB/JRM/W/10/2081/082 | Construction of Adhuro Bhrikuti Ma. Vi. School Janaki-3 Kailali. | जयप्रभु निर्माण सेवाटीकापुर-१ कैलाली | ४५७५६५९.२० | ३०८७०८७.९६ | ३२.५३ |
| ८ | NCB/JRM/W/11/2081/082 | Construction of Adhuro Moti Ma. Vi. School Janaki-7 Kailali. | शम्भुसुनन्दा निर्माण सेवालमही-५ दाङ | ४५७५६५९.२० | २८३१६६७.२४ | ३८.११ |
| ९ | NCB/JRM/W/12/2081/082 | Construction of Adhuro BalJyoti Ma. Vi. School Janaki-6 Kailali. | शम्भुसुनन्दा निर्माण सेवालमही-५ दाङ | ४५७५६५९.२० | २८६९६४५.७५ | ३७.२८ |
| १० | NCB/JRM/W/14/2081/082 | Roof Maintenance Works (Jaya Parbati Aa. Vi. Saraswoti Ma. Vi. Janakalyan Aa. Vi & Paras | श्रीराज निर्माण सेवाटीकापुर-९ कैलाली | ३२१२७४२.६६ | २५४००२६.६३ | २०.९४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Aa. Vi.) Janaki Kailali. | | | | |
| ११ | NCB/JRM/W/15/2081/082 | Construction of Toilet (Arunodaya Ma. Vi. Janaki-9) Boundary Wall (Kalika Aa. Vi. Janaki-2) & Adhuro Kalika Aa. Vi. Building ( Janaki-1) | श्रीराज निर्माण सेवाटीकापुर-९ कैलाली | ३९२७५८९.९७ | २५५२८४६.३१ | ३५.०० |
| १२ | 01/JRM/1S2E/W/2081/082 | Upgrading of Naya Layakpur-Jagatpur-Murtiya-Katanse hydropower to East-West Highway | मंगलासैनी-भट्टशिव-भण्डारीब्रोज जे. भि लम्कीचुहा-६ कैलाली | २५३४८०६३.५० | १३६६३९३४.४० | ४६.०९ |
| १३ | NCB/JRM/W/16/2081/082 | सामुदायिकविद्यालय रङरोगन तथासौन्दर्यकरण ( मोती मा. वि. महेन्द्र शिशु मा.वि. भृकुटी मा.वि. सरस्वती मा.वि. आदर्स मा.वि.राष्ट्रिय आ.वि. मुनुवाराष्ट्रिय आ. वि. खैरिपुर | श्री कृष्ण निर्माण सेवामलंगवा-०६ सर्लाही | २८१५२२२.६७ | १२३७१०७.९२ | ५६.०६ |
| १४ | NCB/JRM/W/10/2080/081 | Upgrading of toraiyapur-Patharpuruwa Road Janaki-1 Kailali. | Jaya Bhawani Construction Ghodaghodi-kailali | ३९९९३८९.६६ | २४६७२७९.५५ | ३८.३१ |
| १५ | NCB/JRM/W/18/2081/082 | Construction of School Building at Bhirkuti Secondary School | विवेकनिर्माण सेवा टीकापुर-१कैलाली | ८६५२७६१.२६ | ५२६१८३४.५८ | ३९.१९ |
| १६ | NCB/JRM/W/19/2081/082 | Construction of Shiv Mandir at Janaki-07 Kailali | जे. & पी. ब्रदर्स बिल्डर्स प्रा.लि. जानकी -०७ कैलाली | ३३७७२६६.४२ | २३९२७२४.९१ | २९.१५ |

२०.३ **बोरिङ्ग जडान -** स्थानीय सरकार संचालन ऐन, २०७४ मा पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्ने ब्यवस्था छ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी निम्न गो.भौ.नं. बाट बोरिङ्ग खरिद गरी निम्न समूह तथा व्यक्तिहरूलाई २५ प्रतिशत लागत सहभागितामा देहायका लाभग्राहीलाई बोरिङ्ग जडान तथा वितरण गरेको छ। अत: पालिकाले स्पष्ट कार्यविधि तथा मापदण्ड तयार गरी आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी रूपमा खर्च गर्ने व्यवस्था हुनुपर्दछ।

| क्र.सं. | गो.भौ.नं. र मिति | आपुर्तकको नाम | भुक्तानी रू | अनुदानग्राहीको विवरण |
|---|---|---|---|---|
| १ | ११४( २०८१/ १०/ २०) पालिका पुँजीगत | श्री भवानी हार्डवेयर्स लम्की चुहा २ मोतीपुर कैलाली | २,९९,४३७.५७ | प्रगतीशिल कृषक समूह |
| | | | | लोगदेवी सोडारी |
| | | | | सरु कठायत |
| | | | | लक्षिता टमटा |
| | | | | रतन प्रसाद उपाध्याय |
| २ | १२०( २०८१/ १०/ २४) पालिका पुँजीगत | श्री भवानी हार्डवेयर्स लम्की चुहा २ कैलाली | ४,४१,९८१.४२ | डण्डी प्रसाद जैसी सञ्याल |
| | | | | भक्तराज भाट |
| | | | | सरस्वती खनाल |
| | | | | रतिभाने कामी |
| | | | | राजाराम चौधरी |
| | | | | सिद्धराज उपाध्याय |
| | | | | सुसन चौधरी |
| ३ | २५२( २०८२/ ०२/ २०) पालिका पुँजीगत | न्यू किसान ट्रेड लिंक लम्की चुहा २ भल्का कैलाली | १,५०,००० | धनसरा वि.क. |
| | | | | पार्वती उपाध्याय |
| ४ | २६६( २०८२/ ०२/ २७) पालिका पुँजीगत | न्यू किसान ट्रेड लिंक लम्की चुहा २ भल्का कैलाली | ३,४८,३६६ | श्यामलाल थारु |
| | | | | नैनादेवी डगौरा थारु |
| | | | | टेक बहादुर चौधरी |
| | | | | मनपति थरुनी |
| | | | | हिरालाल बडायक |
| | | | | फट्टू थारु |
| | | | | सवितादेवी बडायक |
| | | | | कुकुलाल थारु |
| | | | | तुलसी डगौरा थारु |
| | | | | दन्ता थारु |
| ५ | ३०५( २०८२/ ०३/ १२) पालिका पुँजीगत | न्यू किसान ट्रेड लिंक लम्की चुहा २ कैलाली | २,४९,८१५.५० | अनिता कुमारी चौधरी |
| | | | | लक्ष्मीनारायण |

| | | | | |
|---|---|---|---|---|
| | | | | थारु |
| | | | | सुग्रिव डगौरा थारु |
| | | | | छेदालाल डगौरा थारु |
| | | | | मास्टर चौधरी |
| | | | | आशाराम चौधरी |
| | | | | महेश महतो |
| | | | | विश्राम डगौरा थारु |

२०.४ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा विल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नमूना परीक्षणको क्रममा पालिकाले यो वर्ष निम्नानुसारका Bricks Works कार्यमा Sill Bend र Lentil Bend को परिमाण Deduction नगरी बढी परिमाणको मूल्य भुक्तानी गरेको पाइयो । बढी भुक्तानी रकम पालिकाले एकीन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू.

| निर्माण कार्यको विरण | निर्माण व्यवसायी | भुक्तानी भएको Bricks Works परिमाण | Sill Bend And Lentil Bend को परिमाण | भुक्तानी हुनुपर्ने Bricks Works परिमाण | भुक्तानी दर रु | बढी भुक्तानी (मु.अ. करसहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| Construction of Adhuromoti ma vi School Building Janaki-7, NCB/JRM/W/11/2081/082 | श्री शम्भु सुनन्दा निर्माण सेवा लमही न.पा.-५ दाङ्ग | ४६.८८ | २.०३ | ४४.८५ | १५०००.०० | ३४४०८.५० | गो.भौ.नं. १४(२०८१।१२।२०) संघीय पुँजीगतबाट प्रथम रनिङ्ग बिल र ४४(२०८२।०३।२३) संघीय पुँजीगतबाट अन्तिम रनिङ्ग बिल भुक्तानी । |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,४०८.५ |

२०.५ **भेरियसन आदेश -** सार्वजनिक खरिद नियमावली २०६४ मा भेरियसन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था अनुसार पालिका र निर्माण व्यवसायी तथा आपूर्तिकर्ता बीच भएको सम्झौताको जी.सी.सीमा विल अफ क्वान्टिटिको कुनै आइटममा शुरू सम्झौता अंकको २५ भन्दा बढी घटी बढी भएमा तथा कुल सम्झौता अंकको २ प्रतिशत भन्दा बढी घटि बढी भएमा प्रोजेक्ट म्यानेजरले दर समायोजन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको कार्यको शुरू सम्झौता अंकको २ प्रतिशतले भन्दा घटी भएको अवस्थामा भेरियसन स्वीकृत गरी दर समायोजन गरेको देखिएन । भेरियसन आदेश स्वीकृत नगरी गरेको खर्च नियमित नदेखिएको रू.

| **कामको विवरण** | **निर्माण व्यवसायी/ आपुर्तिकर्ता** | **सम्झौता रु** | **सम्पन्न/भुक्तानी रु** | **घटी कार्य रु** |
|---|---|---|---|---|
| Upgrading of Naya Layakpur-Jagatpur-Murtiya-Katanse hydropower to East-West Highway 01/JRM/1S2E/W/2081/082 | मंगलासैनी-भट्टशिव-भण्डारी ब्रोज जे. भी, लम्कीचुहा-६, कैलाली | १३६६३९३४.४० | १२३४५३६५.८ | १३१८५६८.६०(९.६४%) |

| | |
|---|---|
| अनियमित भएको | १३,१८,५६८.६ |

२०.६ **ह्युम पाइप जडान तथा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार सप्लार्यसहरूबाट ह्युम पाइप खरिद गरी विभिन्न वडाहरूमा वितरण गरी खर्च लेखेको छ। अत: वितरण गरेका ह्युम पाइपको जडान तथा प्रभावकारी उपयोग सम्बन्धमा पालिकाबाट नियमित अनुगमन हुनुपर्दछ।

| क्र.सं. | गो.भौ.नं. र मिति | सप्लायर्सको नाम | खरिद भएको सामान | भुक्तानी रू. |
|---|---|---|---|---|
| १ | ६५(२०८१/०९/१४)पालिका पुँजीगत | चक्रेश्वरी होमपाईप उद्योग लम्की चुहा न.पा. २ गणेशपुर कैलाली | ८ नं. वडाको ह्युमपाईप जडान | ६,२२,६९३.२८ |
| २ | १८६(२०८१/१२/१७)पालिका पुँजीगत | भागेश्वर ह्युमपाईप इण्डष्ट्रिज प्रा.लि. गौरीगंगा-९, कैलाली | ह्युमपाईप जडान | ५४,९१८.८५ |
| ३ | १९२(२०८१/१२/२०)पालिका पुँजीगत | बर्दगोरिया ह्युमपाईप एण्ड कंक्रिट उद्योग प्रा.लि. बर्दगोरिया-१, कैलाली | वडा नं. ३ का विभिन्न स्थानमा ह्युमपाईप जडान वापत | ४,७०,५६६.१८ |
| ४ | २३४(२०८२/०२/१३) पालिका पुँजीगत | बर्दगोरिया हयूम पाइप्स एण्ड कंक्रिट उद्योग प्रा.लि. बर्दगोरिया गा.पा. १ कैलाली | ह्युम पाईप खरिद तथा जडान | ४,९१,२९६.८८ |
| ५ | २७०(२०८२/०२/२९) पालिका पुँजीगत | जाल्पा देवी ह्युमपाइप एण्ड कंक्रिट उद्योग प्रा.लि. साँफेबयर-५, छिपेखोला, अछाम | सडक सिंचाई कुलामा ह्युमपाईप जडान | ९८,१३३.०४ |
| ६ | ३१६(२०८२/०३/१९)पालिका पुँजीगत | जाल्पादेवी ह्युमपाइप एण्ड कंक्रिट उद्योग प्रा.लि. साँफेबगर-५ छिपेखोला, अछाम | ह्युमपाइप खरिद तथा जडान | ६,८५,१०३.१८ |
| ७ | ६१९(२०८१/०९/१९) पालिका चालु | विश्वलक्ष्मी निर्माण सेवा | ह्युमपाईप जडान | १,४५,३८०.३५ |
| | | | जम्मा | २५६८०९१.७६ |

२१ **कार्यालय व्यवस्थापन**

२१.१ **प्रशासकीय भवन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा समयमा तोकिएका कार्य सम्पन्न गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले ठेक्का नं. २।०८१।८२ बाट वडा नं. १ दुर्गौलीमा प्रशासकीय भवन २०८४।३।२२ भित्र निर्माण सम्पन्न गर्ने गरी रु १२०८२७९३८।९८ (मूअकर र पिएस समेत) (लागत अनुमानको ३४.५२ प्रतिशत घटि) मा निर्माण व्यवसायी त्रिवेणी लाफा शुभलक्ष्मी जेभी (स्थालेन ६२२९८५०४८) सँग मिति २०८२।३।२३ मा संझौता गरेको पाइयो । यस सम्बन्धमा देहायका बेहोरा देखिएका छन ।

क) उक्त कार्यका लागि गाउँपालिका पुँजीगत शीर्षक गोभौ ३६४।०८२।३।२३ प्रथम किस्ता मोविलाईजेसन पेश्की रु १०५५००००।०० उपलव्ध गराएको पाइयो । उक्त पेश्की नियमानुसार असुल फस्यौंट गर्नुपर्दछ ।

ख) उक्त भवनको २०८२।९।२५ मा स्थलगत निरीक्षण गर्दा देहाय अनुसार निर्माण व्यवसायीले न्युन संख्यामा कामदार राखी काम गरिरहेको अवस्था पाइयो । गाउँपालिकाले उक्त भवन तोकिएको समयमा पूरा गर्न गराउन निरन्तर अनुगमन तथा रेखदेख गर्नुपर्दछ ।





२१.२ **इजाजत दस्तुर -** गाउँपालिकाको आर्थिक ऐन २०८१ अनुसार आन्तरिक आय संकलन गर्नुपर्ने ब्यवस्था छ । गाउँ कार्यपालिकाको २०१।१२।६ को निर्णयले सेती राजमार्ग (दक्षिण खण्ड) टिकापुर लोडे चैनपुर सडक योजना अछामको चनं ३४९ मिति ०८१।११।१८ को पत्रानुसार सत्यवती अरनिको जेभीलाई ठेक्का नं १।०८०।८१ को काम पुरा नभएसम्म गाउँपालिकाको वडा नं ९ खैरीफाँटमा अस्थायी नदीजन्य निर्माण सामग्री प्रशोधन केन्द्र संचालन गर्न सिफारिस भई आए अनुसार रु ५००००।०० इजाजत दस्तुर संकलन गरी ५ बुँदे शर्त राखी प्रशोधन केन्द्र संचालन गर्न अनुमति दिएको पाइयो । उक्त कार्य सम्पन्न नभएसम्मको लागि अनुमति दिंदा प्रत्येक वर्ष नविकरण गर्ने ब्यवस्था मिलाएको देखिएन । यस सम्बन्धमा गाउँपालिकाले तोकिए अनुसार इजाजत नविकरण गर्ने ब्यवस्था मिलाउनुपर्दछ ।

२१.३ **सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलन -** सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिमको तोकिएका सूचनाको हकको सम्बर्द्धन संरक्षण र प्रचलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यस सम्बन्धमा प्रभावकारी कार्य सम्पादन गरेको देखिएन । यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्न छन ।

- सूचना अधिकारी तोकेको ।
- सूचना वर्गीकरण र अद्यावधिक नगरेको ।
- तीन-तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने विवरण प्रकाशित नगरेको ।
- कार्यालयको वेभसाइट रहेको ।
- कार्यालयसँग माग गरिएको सूचना र उपलव्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख नराखेको ।
- सार्वजनिक सेवा प्रवाह गरेको देखिने एकीकृत अभिलेख नराखेको ।
- सार्वजनिक सुनुवाई नगरेको ।

उल्लिखित ब्यहोरालाई ध्यान दिई सूचनाको हकको सम्बर्द्धन, संरक्षण र प्रचलनमा सहजीकरण र नागरिकमैत्री बनाउनुपर्दछ ।

२१.४ **आन्तरिक आय-** गाउँपालिकाको आर्थिक ऐन, २०८१ तथा कार्यपालिकाको निर्णय अनुसार आन्तरिक आय संकलन गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार आय संकलन गर्न सकेको देखिएन । पूर्व तयारी तथा निरन्तर अनुगमन एवं मूल्यांकन गरी सार्वजनिक सुनुवाई समेतको आधार लिई आन्तरिक आय वढाउन गाउँपालिकाले ध्यान दिनुपर्दछ ।

- गाउँपालिका भित्र रहेका चिम्नी इट्टा भट्टा ६ वटा रहेकोमा दर्ता तथा नविकरण नगरेको तथा इट्टा विक्री दस्तुर समेत प्राप्त नगरेको ।(वडा नं १ मा ४ वटा राज इट्टा भट्टा तथा टायल उद्योग, सुरत इट्टा भट्टा, आनन्द इट्टा भट्टा, दिप इट्टा भट्टा तथा वडा नं २ मा वालकुमारी इट्टा भट्टा र वडा नं ७ को गौरब इट्टा भट्टा)
- गाउँपालिका भित्र रहेका पार्क (वडा ३) एवं पर्यटकीय क्षेत्र समेतका आय संकलन गर्न सकिने क्षेत्र पहिचान गरी आय संकलन नगरेको ।
- वडा १ मा रहेको कृषि हाटबजारलाई ब्यवस्थित गरी संचालन गर्नुपर्ने देखिएको ।
- यो वर्ष ५ फर्म दर्ता समेत "घ" वर्गको इजाजत प्राप्त २६ फर्म मध्ये नविकरण नगरेका ५ फर्मको नविकरण दस्तुर (रु ५०००।०० का दरले) संकलन नगरेको ।
- तीन पाङ्ग्रे सवारी साधन (अटोरिक्सा लगायत) को दर्ता तथा नविकरणको कार्यारम्भ गरी आय संकलन नगरेको ।

२१.५ **शिक्षकको अभिलेख तथा विद्यालयको लेखापरीक्षण-** स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पालिका भित्र रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको अभिलेख राखी विद्यालयको लेखापरीक्षण गर्नु/गराउनुपर्ने व्यवस्था छ।गाउँपालिकामा ३३ सामुदायिक विद्यालय रहेकोमा गाउँपालिकाको आन्तरिक लेखापरीक्षकबाट विद्यालयको आन्तरिक लेखापरीक्षण नभएको तथा अन्तिम लेखापरीक्षणमा समेत वास्तविकरुपमा उल्लेखनीय बेहोरा समावेश नगरी बिगतका प्रतिवेदन कार्यान्वयन नगरेको, जिन्सी दाखिला, कर

दाखिला, मूअकरमा दर्ता भएका फर्मसँग कारोवार नगरेको लगायतका वेहोरा उल्लेख गरेको पाइयो । लेखापरीक्षणका क्रममा ८ लेखापरीक्षण प्रतिवेदन माग गरेकोमा सबै प्रतिवेदन प्राप्त नभएको तथा शिक्षकको व्यक्तिगत फाइल समेत गाउँपालिकाले तयार नगरेको एवं गाउँपालिकामा रहेका निजी विद्यालयको एकीकृत अभिलेख माग गरेकोमा प्राप्त भएन । गाउँपालिकाले शिक्षकको व्यक्तिगत फाइल तयार गरी आन्तरिक लेखापरीक्षकबाट समेत लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षक छनौटमा समेत ध्यान दिई निजी विद्यालयको अभिलेख तयार गरी विद्यालयको लेखापरीक्षण प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

२२ **थप कक्षा**

**कक्षा ६ संचालनः** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा आर्थिक ऐन २०८१ अनुसार पालिका भित्र रहेका निजी विद्यालयको दर्ता तथा नविकरण गराउने व्यवस्था छ।गाउँपालिकामा १५ निजी विद्यालय रहेकोमा स्थापना तथा नविकरण गरेको देखिने एकीकृत अभिलेख माग गरेकोमा प्राप्त भएन । लेखापरीक्षणमा प्राप्त सुचना अनुसार वडा नं ४ मा रहेको रेन्बो एकाडेमी स्कुलले कक्षा ६ को संचालन अनुमति नलिई २०८१ सालमा कक्षा संचालन गरेको गाउँपालिकाले उक्त विद्यालयलाई च.नं. ३८५१ मिति २०८२।२।२३ को स्पष्टिकरण पेश गर्ने पत्रबाट जानकारी प्राप्त भयो । गाउँपालिकाले यस सम्बन्धमा एकीन गरी अनुमति बेगर कक्षा ६ संचालन गर्दा आर्थिक ऐन २०८१ मा थप दस्तुर सम्बन्धमा उल्लेख नहुँदा थप रु २०००।०० ( कक्षा थप दस्तुर रु १००००।०० रहेकोमा २०८२।२। २९ मा रु १२०००।०० प्राप्त ) प्राप्त गरेको गाउँपालिकाले छलफलका क्रममा जनाएको छ । यस सम्बन्धमा ऐनमा समेत ब्यवस्था गरी रकम संकलन गर्नुपर्दछ ।

२३ **सडक बत्ती जडान**

सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु हुँदैन भन्ने उल्लेख छ।त्यसै गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा खरिदलाई बढि सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियमावलीको नियम ८५ मा एक आर्थिक वर्ष भित्र एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्यक्तिबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ।नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नु पर्ने व्यवस्था छ। नमूना परिक्षणको क्रममायो वर्ष पालिकाले निम्नानुसार एउटै प्रकृतिका मालसामान तथा निर्माण कार्यहरूलाई एउटै प्याकेजमा समावेश गरी खरिदलाई प्रतिस्पर्धात्मक बनाउन सकिने अवस्था हुँदा हुदै पनि विभिन्न फर्म तथा व्यक्तिहरूबाट रू. २२४५४४६.९९।००सामग्री सोझै खरिद गरेको देखियो। सोझै खरिद हुँदा लागत अनुमानकै हाराहारीमा सम्झौता हुने भएकोले खरिदमा समेत प्रतिस्पर्धा नहुने अवस्था देखियो। सार्वजनिक निकायले खरिदमा प्रतिस्पर्धा सीमित हुने कुनै पनि कार्य गर्नु हुँदैन। पालिकाले तोकेको सिमा भन्दा बढी रकमको सडक बत्ती जडान रू. २२४५४४६.९९ को टुक्रा पारी गरेको खरिद कार्य नियमित नदेखिएको रू.

| क्र.सं. | ब.उ.शी.नं. | गो.भौ.नं. र मिति | फर्म/निर्माण व्यवसायी | खरिदको विरण | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | पालिका पुँजिगत | १८(२०८१।०६।२१) | न्यू महतौ सप्लायर्स टीकापुर कैलाली | विभिन्न सडकमा जडान भएका सौर्य सडक बत्ति मर्मत सम्भार | ८,१३,१४८ |
| २ | पालिका पुँजिगत | ४२(२०८१।०७।१३) | न्यू ॐ विजुली भण्डार एण्ड सप्लायर्स टीकापुर न.पा. १ कैलाली | सडक वत्ती जडान | ३,४९,९९९.९९ |
| ३ | पालिका पुँजिगत | ४१(२०८१।११।०६) | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स टिकापुर कैलाली | सोलार बत्ति जडान कार्य | २,४८,०८४.०० |
| ४ | पालिका पुँजिगत | ७१(२०८१।०९।२३) | न्यू ओम बिजुली भण्डार टिकापुर कैलाली | सडक वत्ती जडान | २,१२,१०१.०० |
| ५ | पालिका पुँजिगत | १३३(२०८१।११।०६) | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स टिकापुर कैलाली | सडक बत्ती जडान | २,९४,९३० |
| ६ | पालिका पुँजिगत | १३९(२०८१।११।०६) | आयुष कम्प्युटर ट्रेड एण्ड सप्लायर्स टिकापुर कैलाली | सडक बत्ती जडान | २,४८,०८४.०० |
| ७ | पालिका पुँजिगत | १६६(२०८१।११।२८) | न्यू ओम बिजुली भण्डार एण्ड सप्लायर्स टिकापुर | सडक बत्ती जडान | ७९,१००.०० |
| | | | | जम्मा | २२४५४४६.९९ |

| अनियमित भएको | २२,४५,४४६.९९ |
|---|---|

२४ **हाइ मास लाइट जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदानको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले यस आर्थिक वर्षमा दुर्गौली बजारमा हाइ मास लाइट जडान गरे बापत डायमण्ड सप्लायर्स टिकापुर कैलालीलाई गो.भौ.नं. ३४०(२०८२।०३।२१)बाट रू. ८१५८६०।०० भुक्तानी गरेको देखिन्छ । भुक्तानी गर्दा सप्लायर्सको बिल र जडान गरेको फोटो मात्र संलग्न राखी प्राविधिक नाँपजाँच पेश गरेको देखिंदैन। जसबाट वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी भएको हो भनी भन्न सकिने आधार देखिंदैन। यसर्थ हाइमास लाईट जडानको प्राविधिक नापजाँच प्रतिवेदन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ८,१५,८६० |
|---|---|

२५ **खानेपानी तथा सरसफाइ आयोजना इकाईतर्फ**

**प्राप्ति भुक्तानीको विवरण -** जानकी गाउँपालिका अन्तर्गत कार्यान्वयनमा रहेको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत जानकी आयोजना कार्यान्वयन ईकाई जानकी गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार प्राप्ति र भुक्तानीको विवरण तथा अन्य व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

| बजेट | प्राप्ति | | | | खर्च | | |
|---|---|---|---|---|---|---|---|
| | संघीय सरकार | प्रदेश सरकार | गाउँपालिका | जम्मा | संघीय सरकार | प्रदेश सरकार | गाउँपालिका |
| चालु तर्फ | १६६५००० | ० | ३९३००० | २०५८००० | ८७३५९१.२५ | ० | ३५८३९६.२ |
| पुँजीगत तर्फ | ५२०००००० | ८४५०००० | ४५५०००० | ६५०००००० | १६४९७५६४.१० | २६८०८५४.१७ | १४४३५३६. |
| जम्मा | ५३६६५००० | ८४५०००० | ४९४३००० | ६७०५८००० | १७३७११५५.३५ | २६८०८५४.१७ | १८०१९३३. |

२५.१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली२०७७ को नियम ५० मा कुनै व्यक्ति फर्म वा संस्थालाई उपलब्ध गराएको पेश्की रकम तोकिएको म्याद भित्र फस्यौंटगर्नुपर्ने व्यवस्था छ। परियोजना कार्यान्वयन ईकाइबाट भुक्तानी भएको निम्नानुसारको पेश्की नियमानुसार पेश्की फस्यौंट गर्नुपर्दछ।

| गो.भौ. नं. र मिति | पेश्की विवरण | पेश्की प्राप्त गर्नेको नाम | म्याद नाघेको पेश्की | | म्याद ननाघेको पेश्की | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | यस आ.व. | गत आ.व. | यस आ.व. | गत आ.व. | |
| २(२०८१।१०।०६) | सार्वजनिक/ विद्यालय शौचालय निर्माण | मुनाल कन्स्ट्रक्सन | ० | ० | ५,९८,६६६.३२ | ० | ५,९८,६६६.३२ |
| २(२०८१।१०।०६) | सार्वजनिक/ विद्यालय शौचालय निर्माण-कोड नं. ११.४.१८.४१ को आयोजनामा स्थानीय तहबाट साझेदारी | मुनाल कन्स्ट्रक्सन | ० | ० | २,३५,४९६.२० | ० | २,३५,४९६.२० |
| ३(२०८१।१०।२०) | सार्वजनिक/ विद्यालय शौचालय निर्माण | मुनाल कन्स्ट्रक्सन | ० | ० | ९,४१,९८४.८० | ० | ९,४१,९८४.८० |
| ३(२०८१।१०।२०) | सार्वजनिक/ विद्यालय शौचालय निर्माण-कोड नं. ११.४.१८.४१ को आयोजनामा स्थानीय तहबाट साझेदारी | मुनाल कन्स्ट्रक्सन | ० | ० | २,३५,४९६.२० | ० | २,३५,४९६.२० |
| ११(२०८२।०३।२४) | दुर्घोली खानेपानी आयोजना | ए. एम. कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ० | ० | ७१,३०,१२४.८० | ० | ७१,३०,१२४.८० |
| १२(२०८२।०३।२४) | दुर्घोली खानेपानी आयोजना | ए. एम. कन्स्ट्रक्सन कम्पनी प्रा. लि. | ० | ० | ५,३९,०५८.३१ | ० | ५,३९,०५८.३१ |
| जम्मा | | | ० | ० | ९६,८०,८२६.६३ | ० | ९६,८०,८२६.६३ |

२५.२ **बढी भुक्तानी -** खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, जानकी आयोजना कार्यान्वयन इकाईले ठेक्का नं. NP-DW-SSM-438544-CW-RFB. Construction of Water Supply Project मा ए. एम. कन्स्ट्रक्सन कम्पनी प्रा.लि.लाई प्रथम रनिङ्ग बिलमा पिएस आइटममा रहेको बीमा रकम भुक्तानी गर्दा गो.भौ.नं. १३(२०८२।०३।२४)बाट पेश गरेको बिल बमोजिम रू. ४४७७११।०० (मु.अ. कर सहित) भुक्तानी गर्नुपर्नेमा रू. ४८१६२१।६२ (मु.अ. कर सहित) भुक्तानी गरी रू. ३३९१० बढी भुक्तानी गरेको देखिन्छ। अत: बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,९१० |

२६ **सामाजिक सुरक्षातर्फ**

२६.१

**सामाजिक सुरक्षा भत्ताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ९ वडामा सामाजिक सुरक्षा भत्ता वितरण ईएफटी (Electronic Fund Transfer) बाट गरेको जनाएको छ। प्राप्त विवरण अनुसार सामाजिक सुरक्षा भत्ता वितरणको स्थिति निम्नाअनुसार रहेको छ।

| वडा नं. | सेवाग्राही | पहिलो किस्ता | सेवाग्राही | दोर्सो किस्ता | सेवाग्राही | तेर्सो किस्ता | सेवाग्राही | चौथो किस्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४७० | ४७४४१७० | ४७६ | ४७४३७६७ | ४८३ | ४८५३४८१ | ४९० | ४९५०९८३ | १ |
| २ | ५५० | ५७१५७२९ | ५५७ | ५७५७४३७ | ५६५ | ५८३५२१२ | ५६८ | ५९०१३८० | २ |
| ३ | ५४५ | ५३२०३६१ | ५६९ | ५५०८४१० | ५७८ | ५५७२०३३ | ५८१ | ५६२६८४४ | २ |
| ४ | ४९२ | ५१२४०६५ | ४९३ | ५१२५२९३ | ५०२ | ५१६१५०९ | ५०२ | ५२०२७९२ | २ |
| ५ | ४२७ | ४१८११४१ | ४२४ | ४१८०७०५ | ४२२ | ४२०४६१२ | ४२७ | ४२३६८७८ | १ |
| ६ | ५१३ | ४७३८७४१ | ५१८ | ४८३३४११ | ५२२ | ४८४८६४३ | ५३० | ४८९५१२० | १ |
| ७ | ५५६ | ५६५२२२२ | ५६३ | ५७०१५८५ | ५६८ | ५७३३०५२ | ५६८ | ५७५२७४५ | २ |
| ८ | ७२० | ६८३४११७ | ७३४ | ६९२१०८७ | ७३४ | ६९४२३०० | ७४४ | ६९९२४६२ | २ |
| ९ | १०५० | ९४९५०२१ | १०७६ | ९७०६५१८ | १०८८ | ९८०२१७८ | ११०५ | ९९९४८७४ | ३ |
| जम्मा | ५३२३ | ५१८०५५६७ | ५४१० | ५२४७८२१३ | ५४६२ | ५२९५३०२० | ५५१५ | ५३५५४०७८ | २१ |

वितरित सामाजिक सुरक्षा भत्ताको तथ्याङ्क नियमितरुपमा अद्यावधिक गरी राख्नुपर्दछ।

२६.२ **निरीक्षण तथा अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन। पालिकाले कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्दछ।

२७ **उपभोक्ता समितिबाट निर्माण**

२७.१ **उपभोक्ता समिति मार्फत कार्य-**सुदूरपश्चिम प्रदेश उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६ को उपभोक्ता समितिको गठन सम्बन्धी व्यवस्थाको बुँदा नं ७(१) (ग) मा उपभोक्ता भेला गरेको माइन्युट, फोटो र दृष्य सामग्री संलग्न गर्नु पर्नेमा नगरेको, साथै उपभोक्ता समितिले विभिन्न काम गर्दा उपस्थित व्यक्तिहरुको सामुहिक फोटोहरु संलग्न गरेमा कामको विश्वसनियता वृद्धि गर्न थप गर्न सहयोग पुऱ्याउनेउल्लेख छ। पालिकालेसो अनुसार गरेको देखिने प्रमाण पेश गरेको देखिदैन। यस्तो अवस्थामा उपभोक्ता समितिको नामबाट भएका विभिन्न बैठक तथा सार्वजनिक सुनुवाई सहितका कार्य यथार्थरुपमा सबै प्रकृया पुरा गरी भएका हुन भनि विश्वस्त हुने अवस्था छैन। यस्ता कार्यमा सुधारका लागि सरोकारवाला सबैको ध्यान जान आवश्यक देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७.२ **लागत सहभागिता -** पालिकाले आयोजना/ कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२७.३ **उपभोक्ता समितिबाट निर्माण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा पालिकाले २५ उपभोक्ता समितबाट रू. ८४३४९६९.९१ बराबरको निर्माण कार्य गरेकोमा उपभोक्ता समितिले व्यहोरेको अंश रू. ९२०३०९.२ र कार्यालयले व्यहोरेको अंश रू. ७५१४६६०.७१ रहेको देखिन्छ। धेरैजसो उपभोक्ता समितिले नहर निर्माण कार्य, सडक स्तरोन्नतीको कार्य, ग्याबिनको कार्य तथा भवन निर्माण, कम्पाउन्ड वाल निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेको र उक्त निर्माण कार्य ल्याब परीक्षण नहुने हुदाँ गुणस्तर कायम हुन नसक्ने देखिन्छ। नियमावलीले गरेको व्यवस्था बमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिबाट नगर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२७.४ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

२७.५ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित देहायको कार्यमा हेभी मेशिन(एक्साभेटर) प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाबाट सहमति लिएको पाइएन।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|
| २९९(२०८२।०३।१०) | जानकि ७ अन्तर्गत विभिन्न सडक स्तरोउन्नति.गोलौरी रमेश चौधरीको केराबारी देखि खल्ला गोलौरी जाने बाटो.मोति मा.वि. मोतीनगर खेल मैदान व्यवस्थापनक | जानकि ७ अन्तर्गत विभिन्न सडक स्तरोउन्नति.गोलौरी रमेश चौधरीको केराबारी देखि खल्ला गोलौरी जाने बाटो.मोति मा.वि. मोतीनगर खेल मैदान निर्माण | २०१८८१ |

अत: पालिकाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सम्भव हेभी मेशिनरी प्रयोग नगरि स्थानीय स्तरमा रोजगारी श्रृजना गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै हेभी मेशिनको प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्यमा सम्बन्धित प्राविधिकको सिफारिसमा कार्यपालिकाबाट सहमति लिएर मात्र कार्य सञ्चालन गर्नुपर्दछ।

२७.६ **हस्तान्तरण नहुने योजना -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा त्यस्ता कार्यको मर्मत सम्भार समेत उपभोक्ता समितिबाट गराउने गरी मात्र खरिद सम्झौता गर्नुपर्ने व्यवस्था रहेको छ। नमूना परीक्षणको क्रममा पालिकाले यस वर्ष सरकारी संरचनाको निर्माण तथा हस्तान्तरण गर्न नमिल्ने र उपभोक्ता समितिले मर्मत सम्भार नगर्ने देहाय बमोजिमका कार्य उपभोक्ता समितिबाट गराएको पाईयो। यसरी योजना निर्माण गरी उपभोक्ता समितिबाट खरिद कार्य गरेको नियमसंगत मान्न सकिदैंन। यस्ता कार्यमा सुधार गर्नुपर्दछ।

| क्र. स. | योजानाको नाम | योजना स्थल | विनियोजित बजेट रकम रू. | लागत अनुमान ( भ्याट सहित) | भुक्तानी रकम रू. ( भ्याट सहित) | श्रमदान रकम रु. | श्रमदान % |
|---|---|---|---|---|---|---|---|
| १ | गोलौरी अधुरो ढल निकास | जानकी-०७ | १०००००० | ११०६१०३ | ९७०१६४ | १३०४४३ | ११.८५% |
| २ | कन्चनपुर छेदु कठरियाको घर देखी गायत्री स्कुल सडक ग्राभेल | जानकी-४ | २५०००० | ३००१७६।९१ | २४१६००।५९ | ५६४२६।९१ | १८.८० |
| ३ | कुलरिया देखि जित बहादुर रावतको घर सम्म सडक ग्राभेल | जानकी-४ | १५०००० | १७८५३७।९६ | १३९३८३।४९ | ३४३९८।४७ | १९.३१ |
| ४ | पछलापुर भगरैया खुसीराम चौधरीको घरदेखि जनक चौधरीको घर सम्म बाटो रेखाङ्कन | जानकी - ०८ | १२०००० | १४५०४१ | ७९६७८० | २८०४१ | १९.५९% |

२८ **अन्य कार्यालय खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

| गो.भौ.नं. र मिति | कार्यालय/संघ संस्थाको नाम | प्रयोजन | भुक्तानी रू. |
|---|---|---|---|
| १४९(२०८१।११।१९) पालिका पुँजिगत | राज निर्माण सेवा टिकापुर कैलालीलाई | अमरावती प्रहरी चौकी अधुरो शौचालय निर्माण वापत | १९२१९७.२० |
| १६८(२०८१।११।२८) पालिका पुँजिगत | प्रमिशन ट्रेडर्स र अभिय फर्निचर उद्योग जानकी १ | तौरैयापुरमा रंगरोगनका लागि कलर, बेन्च र साद टेबल उपलब्ध गराए वापत | ५०००० |
| २०३-२०८१।६।२० पालिका चालु | अस्थायी प्रहरी कार्यालय, तौरैयापुर | घर भाडा तिरेको | १००८१८ |
| २९१-२०८१।६।२३ पालिका चालु | अस्थायी प्रहरी कार्यालय, तौरैयापुर | खाजा खर्च | १३३०० |
| ३०२-२०८१।७।४ पालिका चालु | अमरावति प्रहरी चौकी | खाजा खर्च | १०६६० |
| ६०८-२०८१।९।१२ पालिका चालु | चर्च, अमौरा | बाजा वितरण | ९९१०१ |
| ६१२-२०८१।९।१२ पालिका चालु | अस्थायी प्रहरी कार्यालय, तौरैयापुर | नेट जडान | १३३४६ |
| १०२१-२०८१।१२।५ पालिका चालु | अस्थायी प्रहरी कार्यालय, तौरैयापुर | विद्युत भुक्तानी | १०००० |
| २००३-२०८२।३।२५ पालिका चालु | इलाका प्रशासन कार्यालय | मसलन्द खरिद | ६८६३६ |
| | | जम्मा रू. | ५५८०५८.२ |

| | |
|---|---|
| अनियमित भएको | ५,५८,०५८.२ |

२९ **फिल्ड भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्दान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। पालिकाले यो वर्ष ९ जना प्राविधिक कर्मचारीलाई वर्षभरी रू.९,०७,६६३।२ फिल्ड भत्ता भुक्तानी भएको अवस्थामा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्णय सभाबाट पारित गरी खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी कर्मचारीलाई प्रोत्साहत स्वरुप अतिरिक्त भुक्तानी गर्नुपर्दछ।

३० **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार विक्री रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी वन ऐन, २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुङ्गा ,माटो नदीजन्य र खनिजजन्य पदार्थ समेतलाई सम्झनुपर्ने उल्लेख छ। पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री रकम एकीन गरी प्राप्त रकमको दश प्रतिशतले हुने रकम पालिकाको संचित कोषमा दाखिला गर्नुपर्दछ।

३१ **राजस्व व्यवस्थापन**

३१.१ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर समेत अनुमानित रू. ३,०१,२५,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रू. १,८३,०९,२०६।५० अर्थात अनुमान भन्दा ६०।७९ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३१.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था छ। गाउँपालिकाको आय शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान रु | असुली रु | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पति कर | १००००००।०० | २,४५,६३०।०० | २४.५ |
| भूमिकर/ मालपोत कर | ७५,००,०००।०० | ३३,२१,६९१।७२ | ४४.२८ |
| बहाल कर | ८०००००।०० | ८,५०,७२१।४० | १०६.२५ |
| व्यवसायले भुक्तानी गर्ने | ०० | ४३,०१०।०० | - |
| अन्य प्रशासनिक सेवाशुल्क | ५१०००।०० | १,४०,०००।०४ | ३६.४२ |
| नक्सापास दस्तुर | १५०००००।०० | ७,८८,११८।२९ | ५२.५३ |
| सिफारिस दस्तुर | ५००००००।०० | ४४,२८,५६०.०० | ८८.५६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८०००००।०० | ७,४६,४२०।०० | ९३.२५ |
| नाता प्रमाणि तदस्तुर | ५०००००।०० | ४,०९,४००।०० | ८१.८ |
| अन्य क्षेत्रको आय | ०० | ५२२३३०५।५१ | - |
| प्रशासनिक दण्ड जरिवाना र जफत | १०००००।०० | ४,७६,४३२।५८ | |
| व्यवसाय कर | १०.००,०००।०० | १२,६७,८५०।०० | १२६.७० |
| बेरुजु | २०००००।०० | २,२८,०६७।०० | ११.४ |
| जम्मा | ३,०१,२५,०००।०० | १,८३,०९,२०६.५० | ६०.७९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थपरक मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनुपर्दछ।।

३१.३ **विज्ञापन कर** - नेपालको संविधानको अनुसूची ८ को बुँदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिए अनुसार सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ।

पालिकाले सामाजिक सञ्जाल मार्फत हुने विज्ञापनलाई कानूनको दायरामा ल्याउन सकिएको देखिएन। पालिकाको आर्थिक ऐन, २०८१ मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्याख्या गरिएको भएपनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसैगरी पालिकाले सामाजिक सञ्ञाल फेसबुक युट्युव ईन्स्टाग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन। सामाजिक सञ्ञाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनुपर्दछ।

३१.४ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क १२,६७,८५०।०० संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थपरक मान्नसक्ने अवस्था छैन। तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ।

३१.५ **तीन वर्षको आन्तरिक आयको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको तीन वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक वर्ष | आय अनुमान रु | संकलित रु | संकलन प्रतिशत |
|---|---|---|---|
| २०७९/८० | ५,०८,३५,०००।०० | २३६५७६६८।९७ | ४६.४५ |
| २०८०/८१ | ३,७९,३७,०००।०० | २०९८१९६३।१४ | ५५.१४ |
| २०८१/८२ | ३,०१,२५,०००।०० | १,८३,०९,२०६।५० | ६०.५९ |

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा रू. ५,०८,३५,०००।०० आय अनुमान गरिएकोमा रू. २,३६,५७,६६८।९७ अर्थात ४६.४५ प्रतिशत, आर्थिक वर्ष २०८०/८१ मा रू. ३७९३७०००।०० आय अनुमान गरिएकोमा रू २,०९,८१,९६३।१४ अर्थात ५५.१४ प्रतिशत संकलन भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा रू ३,०१,२५,०००।०० आय अनुमान गरिएकोमा रु मा १,८३,०९,२०६।५० अर्थात ६०.५९ प्रतिशत संकलन भएको छ। पालिकाको तीन वर्षको आन्तरिक आय पहिलो वर्षको तुलनामा दोस्रो र तेस्रो वर्ष क्रमशः बढेको छ। पालिकाको प्रशासनिक खर्चको तुलनामा आन्तरिक आयको अंश न्यून रहेको देखिन्छ। अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोबारहरुलाई करको दायरामा ल्याई आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्दछ।

३१.६ **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले मनोरञ्जन कर संकलन गरेको पाइएन। यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

३१.७ **सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित

निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने तीन पाङ्ग्रे सवारीसमेतको अभिलेख राखी कर असुलीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले निकायको ध्यान जानुपर्दछ।

३१.८ **प्रदेश कानूनको कार्यान्वयन** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा स्थानीय तहले स्थानीय कानून बमोजिम अनुसूची - ३ मा उल्लिखित कर तथा तथा गैर कर लगाउन र उठाउनसक्ने व्यवस्था छ। ऐनको अनुसूची - ३ मा स्थानीय तहले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क आदि कर संकलन गर्दा प्रदेशले तोकेको उल्लिखित कर समेत संकलन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उल्लिखित कर अधिकारलाई कार्यान्वयनमा ल्याई कर संकलन गर्न सकेको देखिएन। प्रदेशले तोकेको दर अनुसार राजस्व संकलन नीति कार्यान्वयनमा ल्याई स्थानीय कराधिकार फराकिलो बनाउन पालिकाले ध्यान दिनुपर्दछ।

३१.९ **ढिलो गरी राजस्व दाखिला** - आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिनसम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउनसक्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका वडाहरूले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । यसरी सवै वडाहरूको ढिला हुने गरी राजश्व रकम बैकं दाखिला भएको अवधिको गाउँपालिकाले विशेष अनुगमन गरी समयमै राजस्व दाखिला गर्ने व्यवस्थामा ध्यान दिनुपर्दछ ।

३१.१० **पालिकाको डोजरबाट भएको सडक मर्मतको अभिलेख**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँचको आधारमा हुने वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। सडक विभाग यान्त्रिक महाशाखाले मिति २०७७।१२।३१ मा जारी Norms rate of plant and machinery for estimation guidelines मा डोजर तथा एक्जाभेटरले माटो खन्ने काम गर्दा प्रति घण्टा १४.४० लिटर ईन्धन खपत हुने देखाएको छ। पालिकाले ट्रिपर र डोजर प्रयोग गरी समेत निर्माण कार्यमा सहयोग गरेको जनाएको छ। पालिकाले आफ्नै डोजर ईन्धन प्रयोग गरी आफ्नै डोजर प्रयोग गरी सडक मर्मत जनाई विष्ट आयल स्टोर, टिकापुरबाट यो वर्ष निम्नानुसार रु ४५१००१।०० को ईन्धन खरिद गरेको पाइयो। पालिकाले डोजर तथा ट्रिपर प्रयोग गरी भएको कामको परिमाण खुल्ने गरी मितिवद्ध अभिलेख राखेको पाइएन। तोकिएको प्रयोजनको लागि ईन्धन प्रयोग भएको प्रमाण अभिलेख साथ संलग्न हुनुपर्दछ।

| क्र.सं. | विवरण | ईन्धन खरिद रु |
|---|---|---|
| १ | बाटो निर्माण | ३५३१२१।०० |
| २ | सरसफाई | ८५३११।०० |
| ३ | अन्य काम | १२५६९।०० |
| | जम्मा | ४५१००१।०० |

३१.११ **उपकरण परिचालनमा आम्दानी र खर्चको अवस्था-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको सुनिश्चित हुनुपर्ने विषय समावेश छ। पालिकामा व्याकहो लोडर , ट्रिपर, एम्बुलेन्स लगायतका उपकरण रहेकोमा सोको परिचालनबाट देखिएका बेहोरा देहाय बमोजिम रहेका छन् :

| सि.नं. | सामानको विवरण | खर्च रू. | | | | जम्मा आम्दानी रू. |
|---|---|---|---|---|---|---|
| | | चालक/ हेल्परको तलबभत्ता | ईन्धन | मर्मत खर्च | जम्मा खर्च | |
| १ | एम्बुलेन्स १ थान | ३६८९५६।०० | २१३१२१।०० | २५१३२१।०० | ८३३३९८।०० | ८३३०००।०० |
| २ | व्याक-हो लोडर १ थान | ३९६४६४।०० | ४५१००१।०० | ३५३१२१।०० | ११००५८६।०० | ९८००० |
| ३ | टिप्पर २ थान | ७९२९२८।०० | ४३३१२१।०० | ७५१२१।०० | १३०११७०।०० | ३२८०००।०० |
| ४ | जिप २ थान | ७३७९१२।०० | ४४११२१।०० | ५३२१२१।०० | १७११९५४।०० | ०० |
| जम्मा | | २२९२२६०।०० | १५३८३६३।०० | १२११६८४।०० | ४९४६३०८।०० | १२५९०००।०० |

उल्लिखित उपकरणहरुको आम्दानी र खर्चको विश्लेषण गर्दा यो वर्ष रु १२५९०००।०० आम्दानी भई रु ४९४६३०८।०० खर्च गरे अनुसार आम्दानीको ३९२.८५ प्रतिशत खर्च भएको देखिई उपकरणमा आम्दानी भन्दा धेरै खर्च देखिन्छ। यसरी उपकरण चालक, इन्धन र मर्मत समेत खर्च लेखेको अवस्थामा ती उपकरण उपयोग, परिचालनको लगसिट, लगानी र आय विश्लेषण गरी सार्वजनिक हितमा प्रयोग गरेको अवस्था देखिएन। खर्चको तुलनामा आय अधिक हुने गरी उल्लिखित उपकरणहरुको परिचालन हुनुपर्दछ।

## ३२ ढुङ्गा, गिट्टी र बालुवाको आय

३२.१ **दुविधायुक्त कानुनी व्यवस्था-** सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ मा प्रदेश भित्रको माटो ढुङ्गा गिटी बालुवा र दहत्तर बहत्तरको संकलन प्रदेशले तोकेको दरमा स्थानीय तहले कर संकलन गर्ने र संकलित करको ४० प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश संचित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र जम्मा गरी सोको विवरण आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। स्थानीय तहले त्यसरी कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रको वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट ढुङ्गा गिट्टी वालुवा एवम् माटोजन्य वस्तु विक्री गर्न सक्ने र सो विक्रीबाट प्राप्त रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था

छ। पालिकाले यो वर्ष गत वर्षको उठ्न बाँकी समेत गरी ढुंगा गिट्टी बालुवाको रू. ११३४१०३१।०० संकलन गरेकोमा स्थानीय सरकार संचालन ऐनको व्यवस्थालाई आधार लिई कर रकम प्रदेश संचित कोषमा पठाएको देखिएन। कानुनी व्यवस्थाहरु एक आपसमा बाँझिने गरी बनाएको अवस्थाले प्रदेश आर्थिक ऐन कार्यान्वियन हुन सकेको देखिएन। कानूनी व्यवस्थामा आवश्यक सुधार गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ।

३२.२ **अमानतबाट नदीजन्य पदार्थको राजश्व संकलन-** सुदूरपश्चिम प्रदेश नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ अनुसार स्थानीय तहभित्रका नदीनालाबाट राजस्व संकलन गर्नसक्ने व्यवस्था छ। गाउँपालिकाले कर्णाली नदीको ६ घाटको IEE Report मा ८०८०० घ.मि परिमाण उत्खनन् गर्न सकिनेमा कैलाश्वर, मालझुलघाट र रानीटप्पाघाटको ठेक्काबाट रु. ८४४७१००।०० आम्दानी भएको देखियो। बाँकी खोलाहरुको ठेक्का नलागेकोले अमानतबाट नै उत्खन्न भएकोले राजश्व संकलन हुनसक्ने परिमाण ४१००० घ.मि. मा ३५७८ घ.मि. उत्खनन् भएकोले मूअकर बाहेक रु. ७५८५३६।०० आम्दानी प्राप्त भएको देखियो। गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदीजन्य राजश्व ठेक्का मार्फत गर्ने परीपाटी मिलाई राजस्व संकलनमा वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्छ।

| क्र.स. | नदि/ खोलाकोनाम | IEE अनुसारसंकलन गर्नु पर्ने परिमाण (घ.मि) | न्युनतम उठ्नेसक्ने रकम | संकलित परिणाम(घ.मि) | संकलित रकम मूअकर बाहेक | खर्च |
|---|---|---|---|---|---|---|
| १ | मुनुवा ठाँडा कालिका सामुदायिक वनको पुर्वतिर | ९६०० | २०३५२००।०० | २१० | ४४५२०।०० | पालिका आफैले उठाएको |
| २ | बलचौर घाट | १४४०० | ३०५२८००।०० | ३३६८ | ७१४०१६।०० | ५७१२१।२८ |
| ३ | गोराङ्गे घाट | १७००० | ३६०४००।०० | ००(लम्कि चुहा नगरपालिकसंग सीमा विवादका कारण उठेन) | | |
| जम्मा | | ४१००० | ८६९२०००।०० | ३५७८ | ७५८५३६।०० | ५७१२१।८० |

३२.३ **संकलन कर्तालाई ८ % पारिश्रमिक-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क) मा प्रतिस्पर्धामार्फत नदीजन्य पदार्थको राजश्व संकलन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले अमानतबाट राजश्व संकलन गर्दा संकलित रकमको ८% प्रतिशत रकम संकलन गर्ने कर्मचारीलाई पारिश्रमिक स्वरुप भुक्तानी गरेको देखियो। गाउँपालिकाले यस्तो राजश्व संकलनकर्ता पालिकाकै कर्मचारी खटाई नियमानुसार मितव्ययी ढङ्गबाट राजश्व संकलन गर्नुपर्दछ। नदीजन्य पदार्थबाट संकलित राजश्व र संकलनकर्ता विवरण देहायबमोजिम छः

| क्र.स. | संकलनकर्ताको नाम थर | संकलित रु (कर सहित) | मू.अ.कर बाहेकको रु | ८% पारिश्रमिक भुक्तानी रु |
|---|---|---|---|---|
| १ | जनक बहादुर चौधरी | १६९३६८।९२ | १४९८८४।०० | ११९९०।७२ |
| २ | जनक रावल | ६३७३४९।३८ | ५६४०२६।०० | ४५१२२।०० |
| | जम्मा | ८०६८३८।०८ | ७१४०१६।०० | ५७११२।८० |

३३ **शिक्षा तर्फ**

३३.१ **IEMIS अद्यावधिक** - शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८२ मा विद्यालयलाई दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक लगायतका अन्य अनुदान निकासा दिदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका अधिकांश विद्यालयको IEMIS विवरण अद्यावधिक रहेको देखिएन। पालिकाको IEMIS अद्यावधिक नहुँदा छात्रवृत्ति तथा पाठ्यपुस्कत वितरण लगायतका गतिविधि सञ्चालन गर्ने यथार्थ संख्या प्राप्त हुन नसक्ने र खर्चको मितव्ययिता र प्रभावकरिता बढाउन नसकिने हुन्छ। यसरी विद्यार्थीको संख्यात्मक विवरण अद्यावधिक राख्न तयार गरीएको प्रणालीमा विवरण अद्यावधिक गराई सोही बमोजिम निकासा गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३३.२ **छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले नमूना परीक्षणका क्रममा उपलब्ध गराएको विवरण अनुसार यो वर्ष विद्यार्थी संख्याको सत्यापन नगराई निम्नानुसार ३२ विद्याललयलाई विपन्न लक्षित छात्रवृत्तिका लागि गो भौ नं २०८ मिति २०८२।२।२८ बाट रू. ६५४६००।०० निकासा गरेको छ । सत्यापन नगराई वितरण गरिएको रकम वास्तविक विद्यार्थीले प्राप्त गरे नगरेको यकिन गर्न सकिएन। तसर्थ पालिकाले छात्रवृत्ति वितरण गर्दा सत्यापन गरी रकमको यथार्थ उपयोग भए नभएको सम्बन्धमा वास्तविक विवरण सहितको अभिलेख गर्ने तथा आवश्यक अनुगमन समेत गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३३.३ **बढी तलब भुक्तानी–** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि वश्यक बिल भरपाई संलग्न भए नभएको जाँच गर्नुपर्ने तथा नियम ४१(ख) मा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको कागजपत्रका आधारमा नमुना परीक्षण गर्दा तपसिल अनुसार रू ८७८४६२।०० बढी भुक्तानी गरेको देखिन्छ। पालिकाले गरेको बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रू

| शिक्षकको नाम | विवरण | रकम रू |
|---|---|---|
| श्री देवानन्द न्यौपाने (प्रा वि द्वितीय) | शिक्षा विकास तथा समन्वय ईकाइको मिति २०८०।११।१ च नं १०५२ को अनिवार्य अवकास गरिएको विषयको पत्रबाट राष्ट्रिय किताबखाना(शिक्षा)कोच. नं. ३५७५ मिति २०८१।१०।१४ को पत्रानुसार २०८०।६।१४ देखि लागू हुने गरी प्रा वि द्वितीय देवानन्द न्यौपाने (शिक्षक संकेत नं ११५१०१) अवकास भएको व्यहोरा उल्लेख गरी हिमालय राष्ट्रिय मा वि जानकी ९ अमरावतीलाई पत्राचार गरेको देखिन्छ।पालिकाले निजलाई मिति २०८० असोज १५ देखि २०८१ पौष मसान्त सम्म रू ८७८४६२।०० बढी भुक्तानी गरेको देखिन्छ।बढी भुक्तानी भएको रकम देवानन्द न्यौपानेबाट असुल गर्नुपर्ने रु. | ८७८४६२।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,७६,४६२ |

३३.४ **तलब बढी निकासा-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि आवश्यक बिल भरपाई जाँच गर्नुपर्ने तथा नियम ४१(ख) मा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने उल्लेख छ।पालिकाले दोस्रो त्रैमासिकमा गो भौ नं ३४, मिति २०८१।८।९ बाट रू २९९७७३३३।०० र तेस्रो त्रैमासिकमा गो भौ नं ९८, मिति २०८१।१०।३० बाट ३३१३७४५४।०० निकासा गरेको देखिन्छ। पालिकाले दोस्रो त्रैमासिकमा तलब भत्ता भुक्तानी लिई अवकास भएका तीन जना शिक्षकको तलब भत्ता र तेस्रो त्रैमासिकमा भुक्तानी हुने २०० जना शिक्षकको पोषाक भत्ताको रकमलाई तेस्रो त्रैमासिकमा निकासा गरिएको रकम घटाउँदा हुने रकम दोस्रो र तेस्रो त्रैमासिकको तलब भत्ता निकासा गरिएको रकम अंकसँग बराबर हुनुपर्नेमा तेस्रो त्रैमासिकमा रू ६९५३३८।०० बढी भुक्तानी भएको देखिन्छ।तसर्थ उक्त बढी भएको रकमको पुष्ट्याई पालिकाले तयार गर्नुपर्ने अन्यथा विद्यालयगत निकासा रकम पालिकाले एकीन गरी बढी भुक्तानी भएको सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९५,३३८ |

३३.५ **जिन्सी दाखिला-**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व उत्तपरदायातित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेका खरिद गरी वा अन्य कुनै प्रकारबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण मुल्य खुलाई सात दिनभित्र जिन्सी किताबमा दाखिला गर्नुपर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा उपलब्ध विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन शीर्षकबाट ए जि हेल्थ इन्डस्ट्रिज प्रा लि लाई गो भौ नं १९० मिति २०८२।२।१९ बाट ३१५१० प्याकेट स्यानिटरी प्याड रु.६६७९७४।१९ भुक्तानी गरेको देखिन्छ।साथै गो भौ नं २७० मिति २०८२।३।२२ बाट सेनिटरी प्याड डिस्पोजल भेसिन र भेन्डिङ मेसिनको खरिद रकम भद्र पशुपति प्याड उद्योग घोडाघोडी १० पवहलमानपुरलाई रू ९६२४८१।०० भुक्तानी गरेको छ।खरिद गरिएको प्याड, डिस्पोजल मेसिन र भेन्डिङ मेसिन पालिकामा जिन्सी दाखिला नगरी सोझै विद्यालयलाई वितरण गरेको देखिन्छ र विद्यालयले समेत अभिलेखिकरण गरेको देखिएन । यसले खरिद सामग्रीको उपयोगको पारदर्शिता कायम गर्न ध्यान नदिएको देखिन्छ।तसर्थ पालिकाले खरिद गरिएका सामग्रीको जिन्सी दाखिला गरेर मात्र वितरण पद्धति विकास गर्नुपर्दछ।

३३.६ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था मिलाई विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। पालिका अर्न्तगत रहेका ३२ सामुदायिक विद्यालयको प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ।अनुसूचिमा उल्लेखित तालिका अनुसार सन्तजन आधारभूत विद्यालयमा शिक्षक विद्यार्थी अनुपात न्यून ९ रहेको छ।यस पालिकामा रहेका विद्यालयमध्ये शिक्षक विद्यार्थी अनुपात ९ देखि ८५ सम्म रहेको विवरणबाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्ने गरेको अवस्था देखिन्छ। अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३३.६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३३.७ **पुस्तकालय व्यवस्थापन-**शिक्षा तथा मावन स्रोत विकास केन्द्रद्धारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१/८ कोक्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कर्य सम्पादनमा आधारित प्रोत्सा अनुदानको बुँदा नं. ९.१ मा (विद्यालय पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT व्यवस्थापन) स्थापना गर्न ६५०००० ।०० अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिकाले देहायको विद्यालयलाई पुस्तकालयको ल रू.६५०००० ।०० निकासा गरेको छ । उक्त विद्यालयले ICT Lab लाई प्रभावकारी सञ्चालन गरेको देखिए ल्यावको प्रभावकारी सञ्चालन गरी विद्यार्थीहरूको सिकाई प्रक्रिया सुधार ल्याउन पालिकाले ध्यान दिनुपर्दछ।

| विद्यालयको नाम | कार्यक्रम | निकासा रु. |
|---|---|---|
| श्री भृकुटी माध्यमिक विद्यालय | पुस्तकालय | ६५०००० |

३३.८ **बढी तलब भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको जाँच गर्नुपर्ने तथा नियम ४१(ख) मा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको हुनुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको कागजपत्रका आधारमा नमूना परीक्षण गर्दा तपसिल अनुसार रू २४४७२५।०० बढी भुक्तानी गरेको देखिन्छ। पालिकाले गरेको बढी भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रू

| क्रं सं | शिक्षकको नाम | विवरण | वढी भुक्तानी रू |
|---|---|---|---|
| १ | श्री इन्द्र बहादुर थापा (प्रा वि द्धितीय) | मिति २०८२ बैशाख १५ बाट लागू हुने गरी अवकाश भएका निजलाई गो भौ नं १७८ मिति २०८२।२।८ बाट पालिकाले २०८२ असार मसान्त सम्मको तलब भत्ता भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रू १४१३१९।०० असुल गर्नुपर्ने रु.. | १४१३१९।०० |
| २ | श्री तारेश्वर प्रसाद (नि मा द्धितीय) | मिति २०८१ फागुन १९ बाट लागू हुने गरी अवकाश भएका निजलाई गो भौ नं ९८ मिति २०८१।१०।३० बाट पालिकाले तेस्रो त्रैमासिकको तलब भत्ता निकासा गर्दा २०८१ फागुन १८ सम्मको रू १००६३२।०० भुक्तानी निकासा हुनुपर्नेमा रू ११५९९६।०० निकासा गरी रू १५३६४।०० बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु | १५३६४।०० |
| ३ | श्री जीवनलाल बडायक (नि मा द्धितीय) | मिति २०८१ मंसिर ९ बाट लागू हुने गरी अवकाश भएका निजलाई गो भौ नं ३४ मिति २०८१।८।९ बाट पालिकाले दोस्रो त्रैमासिकको तलब भत्ता निकासा कार्तिक महिना र मंसिर महिनाको ८ सम्मको तलब भत्ता रू ६४३३८।३० निकासा गर्नुपर्नेमा २०८१ पौष मसान्त सम्मको हिसाब गरी रू १५२३८०।२० निकासा गरेको देखिन्छ।निजलाई बढी भुक्तानी भएको रू ८८०४१।९० असुल गर्नुपर्ने रु | ८८०४२।०० |
| | | जम्मा रू | २४४७२५।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४४,७२५ |

३३.९ **अनुदान वितरण-**शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा अनुदान, क्रियाकलाप नं ७.२.१.१ छात्रवृत्तिअनुदान तथा क्रियाकलाप नं २.४.६.२ निःशुल्क पाठ्यपुस्तक अनुदानको निकासादिंदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा निकासा दिनुपर्ने तथा अनुदान वितरण गर्दा अवलम्बन गर्नुपर्ने अनुदानको प्रकृति अनुसारको स्पष्ट कार्यविधि समेत उल्लेख गरेको छ। नमूना परीक्षणका क्रममा पालिकाले तपसिलको ३ विद्यालयमा अनुदान वितरण गर्दा सत्यापन नगरी रू

२२४७१७५।०० निकासा गरेको देखिन्छ। तसर्थ पालिकाले अनुदान निकासा दिंदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रू

| श्री अरूणोदय माध्यमिक विद्यालय | | | |
|---|---|---|---|
| अनुदानशीर्षक | गो भौ नं | मिति | निकासा रकम |
| निःशुल्क पाठ्यपुस्तक | १३९ | २०८१।१२।१७ | ३३९४०२ |
| | २७४ | २०८२।३।२२ | २१६८४९ |
| छात्रवृत्ति | २०८ | २०८२।२।२८ | १०९६०० |
| दिवाखाजा | ३१ | २०८१।८।७ | २१३५८५ |
| | ११३ | २०८१।११।१२ | २२३९६५ |
| | १९९ | २०८२।२।२७ | १५२०८५ |
| | २७३ | २०८२।३।२३ | १९३८७५ |
| | | जम्मा | १४४९३६१ |
| श्री जनता आधारभूत विद्यालय | | | |
| अनुदानशीर्षक | गो भौ नं | मिति | निकासा रकम |
| निःशुल्क पाठ्यपुस्तक | १३९ | २०८१।१२।१७ | ९४६०५ |
| | २७४ | २०८२।३।२२ | १३११२ |
| छात्रवृत्ति | २०८ | २०८२।२।२८ | २७६०० |
| दिवाखाजा | ३१ | २०८१।८।७ | १२२७९० |
| | ११३ | २०८१।११।१२ | ९२६० |
| | १९९ | २०८२।२।२७ | ३५७७५ |
| | २७३ | २०८२।३।२३ | ७५८७० |
| | | जम्मा | ३७९०१२ |
| श्री मुक्त कमैया बाल संरक्षण आधारभूत विद्यालय | | | |
| अनुदानशीर्षक | गो भौ नं | मिति | निकासा रकम |
| निःशुल्क पाठ्यपुस्तक | १३९ | २०८१।१२।१७ | ४३२३९ |
| | २७४ | २०८२।३।२२ | १८६३८ |
| छात्रवृत्ति | २०८ | २०८२।२।२८ | ३७२०० |
| दिवाखाजा | ३१ | २०८१।८।७ | १०१४६० |
| | ११३ | २०८१।११।१२ | ९९५१० |
| | १९९ | २०८२।२।२७ | ६०६६० |
| | २७३ | २०८२।३।२३ | ५८०९५ |

| | |
|---|---|
| जम्मा | ४१८८०२ |
| कुल जम्मा रू | २२४७१७५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,४७,१७५ |

३३.१० **छात्रवृत्ते सहायता सार्वजनीकेकरण -** नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत राखी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कुल विद्यार्थी संख्या अनुसार पाँच सय जनासम्म, पाँच सय देखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले यस सम्बन्धी कार्य गरेको देखिएन । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्दछ।

| क्र.सं. | विद्यालयहरूको नाम | अनुमति प्राप्त वर्ष | संचालित कक्षा |
|---|---|---|---|
| १ | श्री आदर्श बालविकास एकेडेमी | २०६३ | वालविकास देखि १० सम्म |
| २ | श्री आदर्श एकाडेमी भगतपुर | २०७३ | वालविकास देखि १० सम्म |
| ३ | श्री ज्ञानोदय एकाडेमी जगतपुर | २०६५ | वालविकास देखि ८ सम्म |
| ४ | श्री शिववावा ईङलिस वोर्डीङ स्कुल | २०७६ | वालविकास देखि ८ सम्म |
| ५ | श्री पतन्जली विध्यास्थली दुर्गौली | २०६७ | वालविकास देखि ८ सम्म |
| ६ | श्री करुणा विध्यास्थली सुवर्णपुर | २०६६ | वालविकास देखि ७ सम्म |
| ७ | श्री त्रिस्टार ईङ्लीस वोर्डीङ स्कुल | २०६७ | वालविकास देखि ५ सम्म |
| ८ | श्री मनअमृत ईङ्लीस वोर्डीङ स्कुल | २०५८ | वालविकास देखि ५ सम्म |
| ९ | श्री सर्वोशिखर ईङ्लीस वोर्डीङ स्कुल | २०७२ | वालविकास देखि ५ सम्म |
| १० | श्री रेम्बो ईङ्लीस वोर्डीङ स्कुल | २०८१ | वालविकास देखि ६ सम्म |
| ११ | श्री कैलाली जनसेवा ईङ्लीस वोर्डीङ स्कुल | २०६५ | वालविकास देखि ५ सम्म |
| १२ | श्री ओसीस एकाडेमी भगरैया | २०७० | वालविकास देखि ५ सम्म |
| १३ | श्री शिवलक्ष्मी एजुकेसन होम | २०७१ | वालविकास देखि ५ सम्म |
| १४ | श्री गोल्डेन क्रियटीभ ईङ्लीस वोर्डीङ स्कुल | २०६४ | वालविकास देखि सम्म |
| १५ | श्री कालिका माता एकाडेमी पथरैया | - | वालविकास देखि १ सम्म |

३३.११ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने तथा दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिकरुपमा वितरण गर्न सकिने उल्लेख छ। नमूना परीक्षणका क्रममा उपलब्ध विवरण अनुसार पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरुको लागि वितरण गर्न पालिकाले सामूदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड

व्यवस्थापन शीर्षकबाट ए जि हेल्थ इन्डस्ट्रिज प्रा लि लाई गो भौ नं १९० मिति २०८२।२।१९ बाट ३१५१० प्याकेट स्यानिटरी प्याड रु. ६६७९७४।१९ भुक्तानी गरेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षितरुपमा राख्नुपर्नेमा त्यसो गरेको पाइएन।साथै खरिद गरिएका प्याडको गुणस्तर परीक्षण समेत गरेको प्रतिवेदन संलग्न देखिएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाण मात्र तोकिएको Specification अनुसार प्याड खरिद गर्ने र उक्त प्याड भण्डारका लागि मापदण्ड अनुसारको भण्डारको व्यवस्था मिलाउन पालिकाले ध्यान दिनुपर्दछ ।

## ३४ शिक्षा तर्फ

३४.१ **अनुदानको प्रतिवेदन-** कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ मा अनुसार उल्लेखित क्रियाकलापहरूमा वितरण गरिएको अनुदानको उपयोगको अवस्था र अपेक्षित उपलब्धि सहितको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। नमूना परीक्षणका क्रममा पालिकाले ३२ विद्यालयलाई रू ४०६२००।०० अनुदान वितरण गरेको देखिन्छ।यद्यपि उक्त अनुदानको उपयोगको अवस्था यकिन हुनसक्ने स्पष्ट प्रतिवेदन तयार गरेको देखिदैन। तसर्थ पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधिको व्यवस्था अनुसार अनुदान वितरण गरिएका विद्यालयको प्रगति प्रतिवेदन तयार गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३४.२ **सामुदायिक सिकाई केन्द्र** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को बुँदा न् ६.७ मा स्थानीय तहको शिक्षा शाखाले नियमितरुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान बमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारणसभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको गत आर्थिक वर्षको खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेश गरेको लगायतको मापदण्ड पूरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. ३०००००।०० अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अर्न्तगत सामुहिक सिकाई केन्द्र संचालनमा तपसिलको सिकाई केन्द्रलाई संचालन अनुदान निकासा भएको देखियो। उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धि खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन तयार गरी ब्यवस्थितरुपमा सिकाई केन्द्र संचालन गर्नुपर्दछ ।

| **सामुदायिक सिकाइ केन्द्र** | **संघ सशर्त** | **पालिका अनुदान** | अनुदान रु |
|---|---|---|---|
| जनचेतना सामुदायिक सिकाई केन्द्र | ३००००० | | ३००००० |
| **जम्मा** | ३००००० | | ३००००० |

३४.३ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्ने ब्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार तपसिलका ३२ सामुदायिक विद्यालयमा (स्थायी, राहत, संघीय अनुदान समेत) २१० शिक्षक दरवन्दी रहेकोमा पूर्णरूपमा पदपूर्ति भई ५३ जना शिक्षक निजी स्रोत तथा अनुदानमा नियुक्ति गरेको देखिन्छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्नसक्ने व्यवस्था छ। पालिका स्थित ३२ वटा सामुदायिक विद्यालयमा ६४०७ जना विद्यार्थी अध्ययनरत रहेका छन।नियमानुसार पालिकाले न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रक्रिया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउन र शैक्षिक गुणस्तर सुधार हुने गरी शिक्षक विद्यार्थी अनुपात समेत मिल्ने गरी शिक्षक व्यवस्थापनमा जोड दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४.४ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्नुपर्ने

व्यवस्था छ । गाउँपालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। यसबाट विद्यालय शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुनसक्ने नदेखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

३४.५ **अनुदानको अनुगमन**-शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ।नमूना परीक्षणका क्रममा पालिकाले उपलब्ध गराएको विवरण अनुसार देहायका विद्यालयहरुलाई यो वर्ष रू. १४७६७६८९२।०० अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन।कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

| क्रं. सं | विद्यालय अनुदान | विद्यालय संख्या | अनुदान रु |
|---|---|---|---|
| १ | गणित विज्ञान अंग्रेजी शिक्षण अनुदान | ६ | ३६१८०५२ |
| २ | एकमुष्ठ अनुदान | ३ | २३५८४०० |
| ३ | दिवाखाजा खर्च अनुदान | ३२ | ६९९०३४५ |
| ४ | कार्यसम्पादनमा आधारित अनुदान | ३२ | ६७७५३७८ |
| ५ | ईण्टरनेट जडान शुल्क अनुदान | ३२ | ४९१००० |
| ६ | छात्रवृत्ति अनुदान | ३२ | ९२४६०० |
| ७ | निशुल्क पाठ्यपुस्तक अनुदान | ३२ | ३७३२६८२ |
| ८ | शिकाईकेन्द्र अनुदान | १ | ३००००० |
| ९ | वालविकास पिसिएफ अनुदान | ३२ | ३४०००० |
| १० | विद्यालय मसलन्द खर्च अनुदान | ३२ | २०३१००० |
| ११ | स्थायी शिक्षक कर्मचारी तलब भत्ता | ३२ | ११३९८७०६५ |
| १२ | निजी स्रोत शिक्षक अनुदान | २१ | ६१२८३७० |
| **जम्मा** | | | १४७६७६८९२ |

३४.६ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसममयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्ने ब्यवस्था छ । पालिकाले यस सम्बन्धमा कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ।

## ३५ स्वास्थ्य तर्फ

